सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ पुस २०८०, बुधबार (10 Jan 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २६१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

तीन लाख ऋण लिँदा एक बिघा दुई कट्ठा ६ धुर जग्गा र घर हत्याइयो

फिर्ताको माग गर्दा टाउकोमाथि खुकुरी ठड्याइयो



मिटरब्याजपीडित सञ्जयकुमार कामतीले भने, **'जिल्ला प्रशासनमा दिएको मिटरब्याजसम्बन्धी उजुरीको फैसला नहुञ्जेल बस्न दिनुस् भन्दै गएको थिएँ, ज्यान नै लिन खोजियो ।'**

लहानमा **मणिलाल विश्वकर्मा**

साहुकारले षड्यन्त्रपूर्वक हडपेर बेचेको घरजग्गा फिर्ता माग्दा सिराहाको कल्याणपुर नगरपालिका-८ अरडका मिटरब्याजपीडित सञ्जयकुमार कामतीमाथि कुटपिट गरिनुका साथै ज्यान मार्ने धम्की दिँदै खुकुरी तेर्स्याइएको छ । स्थानीय रामनारायण सिंह, उनका छोरा शैलेन्द्र र भतिज पर्ने नितेशले सोमबार दिउँसो 'यहीं ढालिदिन्छु' भन्दै खुकुरी उज्याएका हुन् ।

खुकुरी छेक्ने क्रममा टाउकोमा सामान्य चोट लाग्नुका साथै कुटपिटले शरीर थिलथिलो भएका कामती मंगलबार सिराहास्थित प्रादेशिक अस्पतालमा उपचार गराई गाउँ फर्किएका छन् । चिकित्सकले केही दिन औषधि सेवन गर्नुका साथै आराम गर्न भनेको उनले बताए ।

कामतीले ०७२ माघमा घर-व्यवहारका लागि कल्याणपुर- ८ मझाउका लेखापढी व्यवसायी सुरेश पञ्जियारसँग तीन लाख ऋण लिएका

» पृष्ठ २ मा क्रमशः

लिखित र ट्रायलविनै एक लाख दुई हजार सवारी लाइसेन्स जारी

७३ हजार ५४८ लाइसेन्स जारी, २९ हजार १२७ लाइसेन्स बायोमेट्रिक लिएर जारी गरिँदै

- देशैभरका यातायात कार्यालयमा लाइसेन्सको धन्दा
- **विदेश गएका, नवीकरण नगरेका, मृत्यु भएकाको विवरण फेरेर लाइसेन्स**
- एउटै व्यक्तिका नाममा दुईवटा लाइसेन्स
- सवारी लाइसेन्सका लागि लिखित पास गरेर ट्रायलका लागि आएकी महिलाको नाममा पहिले नै लाइसेन्स जारी
- लाइसेन्सधारीकै नाममा नयाँ फर्जी लाइसेन्स
- **विभागकै कर्मचारी र महानिर्देशकहरूको समेत शंकास्पद भूमिका**
- अझै ठूलो संख्यामा फर्जी लाइसेन्स जारी भएको आशंका



फाइल तस्बिर

सुवास भट्ट/नयाँ पत्रिका

यातायात व्यवस्था विभाग तथा कार्यालयका कर्मचारी र बिचौलियासमेतको मिलेमतोमा प्रणालीभित्र छिरेर सर्वसाधारणको डाटामा खेली गैरकानुनी रूपमा एक लाखभन्दा बढी फर्जी लाइसेन्स जारी भएको भेटिएको छ । यातायात व्यवस्था विभागले गरेको छानबिनले सर्वसाधारणको डाटा तोडमोड गरेर लिखित परीक्षा र ट्रायलविनै एक लाख दुई हजार सात सय ११ फर्जी लाइसेन्स जारी गरिएको भेटिएको हो ।

७३ हजार पाँच सय ८४ वटा लाइसेन्स त जारी नै भइसकेको समितिले फेला पारेको छ । २९ हजार एक सय २७ वटाको बायोमेट्रिक लिने प्रक्रियामा रहेको भेटिएको छ । केही मिनेटमै सकिने बायोमेट्रिक प्रक्रिया बाँकी रहेका यी लाइसेन्स जतिखेर पनि जारी हुन सक्ने अवस्थाका हुन् ।

फर्जी लाइसेन्स जारी हुने गरेको सूचना पाएपछि यातायात व्यवस्था विभागले एक महिनाअघि सूचना प्रविधि शाखा प्रमुख उपसचिव मुकेश रेग्मीको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो । समितिमा विभागकै शाखा अधिकृत अर्जुन अधिकारी, आइटी इन्जिनियर बोधराज बराल र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का डिएसपी तपनकुमार दाहाल सदस्य छन् । समितिले गत शुक्रबार विभागका महानिर्देशक उद्धवप्रसाद रिजाललाई प्रतिवेदन बुझाएको छ ।

समितिले विभागकै तथा यातायात कार्यालयका कर्मचारीहरूको मिलेमतोमा वर्षौंदेखि गैरकानुनी रूपमा विवरण सिर्जना र लाइसेन्स वितरण गरिँदै आएको

» पृष्ठ २ मा क्रमशः

अब नयाँ लाइसेन्स जारी हुँदा कडाइ गर्छौं

- **उद्धवप्रसाद रिजाल**

महानिर्देशक, यातायात व्यवस्था विभाग



सवारी लाइसेन्सका सम्बन्धमा गम्भीर समस्या देखिएको छ । यसमा प्रदेश कार्यालय र त्यहाँका कर्मचारीको भूमिका शंकास्पद देखिन्छ । छानबिनबाट देखिएका विषयसहित थप छानबिनका लागि विभागले अख्तियार र सिआइबीलाई पत्राचार गर्ने निर्णय गरेको छ । छानबिनकै क्रममा लाइसेन्स नम्बर भएकाको फोटोलगायतको विवरण फेर्न नपाउने व्यवस्था गरिसकेका छौं । अब नयाँ लाइसेन्स जारी हुँदा कडाइ गर्छौं ।

विभागकै महानिर्देशकहरूको समेत शंकास्पद भूमिका

यस्तो लाइसेन्स जारी गर्ने गैरकानुनी काममा विभागकै पूर्वमहानिर्देशकहरू र कर्मचारीसमेतको मिलेमतो देखिएको छ । ०७२ देखियताका महानिर्देशकहरू यसमा जिम्मेवार देखिएका छन् । यातायात कार्यालयहरूमा यस्तो गैरकानुनी गतिविधि भएको चाल पाउँदा पनि उनीहरूले आँखा चिम्लेको तथा कतिपयले त यसको हिस्सा नै लिने गरेकोसमेत देखिएको छ । यद्यपि, केहीले भने यसको नियन्त्रणको प्रयत्न गरेका थिए । ६ पुस ०७१ देखि १० साउन ०८० सम्म विभागका महानिर्देशकहरूमा मधुसुदन बुर्लाकोटी, चन्द्रमान श्रेष्ठ, रूपनारायण भट्टराई, प्रेमकुमार सिंह (कामु), लावण्यकुमार ढकाल, कुमारप्रसाद दाहाल, गोगनबहादुर हमाल, नमराज घिमिरे, सुरेश राउत, डा. टोकराज पाण्डे, तुलसीनाथ गौतम र नारायणप्रसाद भट्टराई कार्यरत थिए । विभागका पूर्वमहानिर्देशकहरू नै लाइसेन्सको यो विकृति धेरै पुरानो भएको बताउँछन् । यो विगतका वर्षहरूदेखि नै चल्दै आएको थियो ।

फर्जी लाइसेन्स थप छानबिनका लागि अख्तियार र सिआइबीलाई पत्राचार

छानबिनबाट सवारी लाइसेन्समा गम्भीर समस्या देखिएपछि थप छानबिनका लागि विभागले अख्तियार र सिआइबीलाई पत्राचार गरेको छ । विभागले मंगलबार पत्राचारसहित तीन निर्णय गरेको महानिर्देशक उद्धवप्रसाद रिजालले बताए । जारी हुने प्रक्रियामा रहेका लाइसेन्सका विवरण खारेज (इनभ्यालिड) गर्ने र जारी भइसकेकालाई सम्बन्धित कार्यालयबाटै 'भेरिफिकेसन'का लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत लेखी पठाउने निर्णय पनि विभागले गरेको छ ।

मन्त्रालयमा छुट्टै छानबिन समिति

गैरकानुनी रूपमा सवारी लाइसेन्स जारी भएको सम्बन्धमा अहिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पनि छानबिन गरिरहेको छ । लाइसेन्सबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि अख्तियारले मन्त्रालयलाई यस विषयमा छानबिन गरी प्रतिवेदन पेस गर्न पत्राचार गरेको थियो । अख्तियारकै पत्राचारका आधारमा मन्त्रालयले तीन सदस्यीय समिति गठन गरेको थियो । मन्त्रालयले पुसको दोस्रो साता सिडिई सुरेश श्रेष्ठको संयोजकत्वमा शाखा अधिकृत कमल पन्थी र कम्प्युटर इन्जिनियर दिनेश अधिकारी सम्मिलित समिति गठन गरेको छ । समितिले एक-दुई दिनमै प्रतिवेदन मन्त्रालयलाई बुझाउने तयारी गरेको संयोजक श्रेष्ठले बताए । मन्त्रालयले उक्त प्रतिवेदन अख्तियारमा पठाउनेछ ।

■ डेडिकेटेड फिडर र ट्रंक लाइनको महसुल विवाद

न्यायिक छानबिन समिति गठन

उद्योगीहरूलाई बक्यौता तिर्न फेरि ढिलाइ गर्ने मौका, ०७५ र ०७६ मा बनेका दुई समितिले गरेका थिए प्रिमियम शुल्कमा उद्योगहरूबाट महसुल उठाउनुपर्ने निर्णय

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले डेडिकेटेड फिडर र ट्रंक लाइनको महसुल बक्यौता विवादबारे छानबिन गर्न न्यायिक प्रकृतिको समिति गठन गरेको छ । मंगलबारको मन्त्रिपरिषद् बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको नेतृत्वमा छानबिन समिति गठन गरेको हो ।

उद्योग र ऊर्जा मन्त्रालयका सहसचिव सदस्य रहने समितिले डेडिकेटेड फिडर र ट्रंक लाइनको महसुल विवादबारे छानबिन गरेर सरकारलाई निश्चित रायसहितको प्रतिवेदन बुझाउनेछ । सोही प्रतिवेदनको आधारमा सरकारले यसबारे थप निर्णय गर्नेछ ।

समिति बनेसँगै उद्योगीहरूले बक्यौता तिर्न फेरि ढिलाइ गर्ने मौका पाएका छन् । यसअघि पनि यही विषयमा दुईवटा समिति बनेका थिए । ती समितिले उद्योगहरूबाट महसुल उठाउनुपर्ने निर्णय गरेका थिए ।

अख्तियारले पनि ०७२ माघदेखि ०७५ वैशाखसम्मको महसुल प्रमाणका आधारमा प्रिमियमसहित उठाउन भनेको थियो

मन्त्रिपरिषद्ले लाइन काटिएका उद्योगमा बिजुली जोड्न नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिने निर्णयसमेत गरेको छ । महसुल नतिरेको भन्दै प्राधिकरणले २३ उद्योगमा विद्युत् कटौती गरिरहेको छ । प्रधानमन्त्री प्रचण्डले सोमबार मात्रै ऊर्जा मन्त्रालयसँग छलफल गरेर बक्यौता पनि उठ्ने र उद्योग पनि चल्ने मोडेलमा अघि बढ्नुपर्ने बताएका थिए । त्यसको भोलिपल्टै मन्त्रिपरिषद्ले यस्तो निर्णय गरेको हो ।

मन्त्रिपरिषद्ले निर्णय लिनुअघि संसद्को पूर्वाधार समितिमा यसबारे छलफलसमेत भएको थियो । जहाँ ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले उचित निकास निकाल्न छिट्टै निर्णय गर्ने बताएका थिए । तर, बक्यौता रकम कुनै पनि हालतमा उठाउने घोषणा प्राधिकरणका

» पृष्ठ २ मा क्रमशः

■ १५ दिनभित्र प्रतिवेदन तयार हुन्छ : ऊर्जा मन्त्रालय

ऊर्जा मन्त्रालयका सहसचिव नवीनराज सिंहले १५ दिनभित्र प्रतिवेदन बनाउने गरी काम गर्ने बताए । 'छानबिनका लागि टिओआर बनाउँदै छौं । कानुनको विषय भएकाले कानुनका सहसचिव पनि कमिटीमा राख्ने योजनामा छौं,' उनले भने, 'समग्रमा १५ दिनमा प्रतिवेदन तयार गर्छौं । प्रक्रिया पुऱ्याएर उद्योगहरूमा पनि लाइन जोड्छौं ।'

■ लिखित निर्देशन आएपछि मात्रै लाइन जोडिन्छ : प्राधिकरण

प्राधिकरणले भने सरकारको लिखित निर्देशन आएपछि मात्रै उद्योगहरूको लाइन जोड्ने अडान लिएको छ । मन्त्रिपरिषद्बाट निर्णय भए पनि लाइन जोड्नू भनेर लिखित निर्देशन प्राप्त नभएको प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवाललले बताए ।



१२ दिने सुत्केरी अंशुको स्वास्थ्य केन्द्रमा मृत्यु, समयमै भएन उद्धार

बाजुरामा **गगन अयडी**
र हुम्लामा **नरजन तामाङ**



अंशु बुढा

१२ दिनअघि सुत्केरी भएकी २३ वर्षीया अंशु बुढाको उपचारका क्रममा बाजुराको बुढीनन्दा नगरपालिकामा रहेको कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा ज्यान गएको छ । शिशुको अवस्था भने सामान्य रहेको परिवारले जनाएको छ ।

१२ पुसमा नर्मल डेलिभरी भए पनि २२ पुसदेखि स्वास्थ्यमा समस्या भएपछि उपचारका लागि बाजुरा पुऱ्याइएकी हुम्लाको ताजाँकोट गाउँपालिका- ५ डोप्ककी अंशुको उपचारका क्रममा सोमबार राति साढे १० बजे मृत्यु भएको हो । 'उहाँको अक्सिजन लेभल निकै घटेको थियो, आइसियूमा राख्नुपर्ने अवस्था थियो, तर हामीकहाँ आइसियू थिएन,' कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रका डा. रञ्जित शाहले भने, 'उपचारको प्रयास भए पनि राति ज्यान गयो ।'

डाक्टर शाहका अनुसार सामान्यतया अक्सिजनको मात्रा ९५ भन्दामाथि हुनुपर्ने भए पनि अंशुलाई स्वास्थ्य केन्द्र ल्याएका वेला ३९ मात्रै थियो । उनलाई सोमबार दिउँसो १ बजे स्वास्थ्य केन्द्र कोल्टी पुऱ्याइएको थियो । अंशुले १२ दिनअघि हुम्लाको ताजाँकोटमा रहेको मदना स्वास्थ्य चौकीको बर्थिङ सेन्टरमा छोरी जन्माएकी थिइन् । र, सोही साँझ घर लगिएको थियो ।

अंशु सुत्केरी भएको ११ दिन मात्रै पुगेको थियो । २२ पुसमा श्वासप्रश्वास बढ्न थाल्यो । रिँगटा चल्यो, टाउको दुख्न थाल्यो, उच्च रक्तस्राव सुरु भयो । मदना स्वास्थ्य चौकीबाट अनमि माया बैजीसहितको स्वास्थ्यकर्मीको टोली घरमै पुगेर जाँच गरेको मदना स्वास्थ्य चौकीका इन्चार्ज रामलाल देवकोटाले बताए । तर, मदनामा उपचार सम्भव नभएपछि उनलाई कोल्टी लगिएको थियो ।

अंशुलाई कोल्टी पुऱ्याउँदा पनि उपचार सम्भव नभएपछि स्वास्थ्य केन्द्रले हवाई उद्धारका लागि जिल्ला प्रशासन कार्यालय बाजुरालाई पत्र लेखेको थियो । जिल्ला प्रशासनले पनि निःशुल्क हवाई उद्धारका लागि केन्द्रको महिला तथा बालबालिका मन्त्रालयअन्तर्गतको 'राष्ट्रपति महिला उत्थान कार्यक्रम'मा सम्पर्क गरेको थियो ।

तर, रातिको समयमा मौसममा खराबी भन्दै हेलिकोप्टर नपठाउँदा सोमबार राति अंशुको ज्यान गएको हो । बाजुराका सहायक प्रमुख जिल्ला अधिकारी

» पृष्ठ २ मा क्रमशः

१२ दिने...

पृष्ठ १ बाट क्रमशः

रामकुमार तिमल्सेनाका अनुसार स्वास्थ्य केन्द्रबाट राति पत्र आएकामा राति नै उद्धारका लागि काठमाडौंमा खबर गरिएको थियो । 'राति मौसम खराबीका कारण हेलिकोप्टर आउन नसक्ने भनिएपछि मंगलबार बिहान ६ बजे सेनाको हेलिकोप्टरमार्फत उद्धार गर्ने जानकारी आएको थियो,' तिमल्सेनाले भने, 'राति नै घटना भएछ ।' मदना स्वास्थ्य चौकीले सोमबार बिहान नेपालगन्जका लागि रेफर गरेको थियो । तर, आर्थिक अवस्था कमजोर भएकाले सुविधासम्पन्न अस्पताल लैजान नसकेर कोल्टी लगिएको उनका ससुरा जितबहादुर बुढाले बताए । 'मुटु र फोक्सोको समस्या थियो,' बाजुराको कोल्टी हुँदै नेपालगन्ज लैजाने तयारी थियो, उपचारका क्रममा ज्यान गएछ,' देवकोटाले भने ।

न्यायिक...

पृष्ठ १ बाट क्रमशः

कार्यकारी निर्देशक कुलमान घिसिङले गरेका थिए ।

लोडसेडिङका वेला प्राधिकरणले ०७२ साउनदेखि उद्योगहरूलाई ६५ प्रतिशत प्रिमियम शुल्कमा २४ घण्टासम्म विद्युत् उपलब्ध गराएको थियो । तर, त्यसको प्रिमियम महसुल अहिले विवादमा छ । प्राधिकरणले ०७२ साउनदेखि उद्योगहरूमा डेडिकेटेड र ट्रंक लाइनमार्फत बिजुली दिन सुरु गरे तापनि त्यसको प्रिमियम शुल्क ०७२ पुसमा मात्रै तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले अनुमोदन गरेको थियो । ३१ वैशाख ०७५ मा लोडसेडिङ अन्त्य भए पनि प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनको विद्युत् महसुलदर खारेज नभएको भन्दै ०७७ जेठसम्म उद्योगीहरूलाई प्रिमियमसहितको बिल पठाएको थियो । ०७७ असारयता प्रिमियम महसुल खारेज गरिएको छ । त्यसमा तत्कालीन आयोगले अनुमोदन गरेको मितिभन्दा अघि र लोडसेडिङ अन्त्य भएपछिको बक्यौता नतिर्ने उद्योगीहरूको अडान छ । प्रमाण भएको अवस्थामा ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता भने तिर्ने उद्योगीले बताउँदै आएका छन् । यसअन्तर्गत ५९ उद्योगको मात्रै २२ अर्ब ४० करोड बक्यौता बाँकी छ । त्यो बक्यौता नतिरेको भन्दै प्राधिकरणले ६ पुसदेखि उद्योगहरूमा विद्युत् आपूर्ति कटौती गर्दै आएको छ । हालसम्म २४ उद्योगको लाइन काटिएकामध्ये किस्तामा बक्यौता भुक्तानी गर्न लागेपछि हिमाल आइरन एन्ड स्टिलमा विद्युत् जडान गरिएको छ । अन्य २३ उद्योगमा लाइन कटौती गरिरहेको अवस्था छ ।

यसअघि पनि दुई समिति बनेका थिए । लोडसेडिङ अन्त्य भएकै दिन अर्थात् ३१ वैशाख ०७५ मा प्राधिकरणले सञ्चालक भक्तबहादुर पुनको संयोजकत्वमा डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत् प्रयोग गरेका उद्योगको पहिचान गर्ने समिति बनाएको थियो । उक्त समितिले प्रिमियम शुल्कमा उद्योगहरूबाट महसुल लिनुपर्ने निर्णय गरेको थियो ।

त्यसपछि, २१ पुस ०७६ को मन्त्रिपरिषद्ले तत्कालीन ऊर्जा सचिव दिनेश घिमिरेको संयोजकत्वमा उद्योग र अर्थ सचिवसहितको छानबिन समिति बनाएको थियो । उक्त समितिले माघ ०७२ देखि वैशाख ०७५ को (लोडसेडिङ अवधि) को पैसा उठाउनुपर्ने निर्णय गरेको थियो । ०७२ साउनदेखि पुससम्म र लोडसेडिङ अन्त्यपछि (जेठ ०७५-जेठ ०७७) को महसुल कसरी उठाउने भन्नेबारे निर्णय गर्न विद्युत् नियमन आयोगलाई जिम्मा दिइएको थियो । आयोगले तोकेको सर्त पूरा भएमा लोडसेडिङपछि पनि प्रिमियममा महसुल लिन भनेको छ । त्यस्तै, अख्तियारले ०७२ माघदेखि ०७५ वैशाखसम्मको महसुल प्रमाणको आधारमा प्रिमियमसहित उठाउन भनेको थियो । संसद्को लेखासमितिले पनि यस अवधिको महसुल प्रिमियममै उठाउन भनेको थियो ।

फिर्ताको...

पृष्ठ १ बाट क्रमशः

थिए । पञ्जियारले कामतीको एक बिघा एक कट्ठा खेत, एक कट्ठा ६ धुर घडेरी र टिनको छाना भएको ११ कोठाको एकतले घरसहितको जग्गा दृष्टिबन्धक राखेका थिए । सँगै, चार लाख ८० हजार र सात लाख ५० हजार गरी १२ लाख ३० हजारका दुईवटा कपाली तमसुक बनाएका थिए ।

समयमा ऋण तिर्न नसकेपछि कामतीले 'घर-व्यवहारको काम सल्टाएपछि ब्याजसहित तिर्छु' भन्दै पञ्जियारलाई गुहारिरहेका थिए । तर, साहुकार पञ्जियारले षड्यन्त्रपूर्वक लेनदेन मुद्दामा सिराहा जिल्ला अदालतबाट ०७८ माघमा डाक लिलाममार्फत घरसहित करिब डेढ करोडबराबरको जायजेथा आफ्नो नाममा ल्याए ।

सरकारले मिटरब्याजपीडितहरूको समस्या समाधानको पहल गरेपछि कामतीले पञ्जियारविरुद्ध जिल्ला प्रशासन कार्यालयमा अनुचित लेनदेन (मिरटब्याज)सम्बन्धी उजुरी दिएका थिए । त्यसमा एक-दुईपटक छलफल पनि भएको थियो । तर, त्यहीबीचमा आफूबाट हत्याएकोमध्ये १० कट्ठा खेत र घरसहितको १६ धुर घडेरी पञ्जियारले स्थानीय रामनारायण सिंहलाई सस्तोमा बेचेको कामतीले बताए ।

पञ्जियारले घरजग्गा हत्याएपछि कामती भने धनुषाको जनकपुरमा डेरामा बस्न थालेका थिए । उनका बाबु उत्तिम कामती र आमा पवित्रीदेवी भने गाउँकै घरमा थिए । तर, सिंहले जग्गा किनेपछि उनीहरूलाई पनि सामानसमेत निकाल्न नदिई केही महिनाअघि हतियार देखाएर घरबाट निकाले । त्यसपछि आमाबुबालाई पनि जनकपुरकै डेरामा लगेका थिए । १०८ वर्षीया हजुरआमा रेविया गाउँमै कान्छो छोरा सगम कामतीसँग बस्थिन् ।

गत ९ पुसमा हजुरआमाको निधन भएपछि दाहसंस्कार र काजकिरियाका लागि कामती बुबाआमासहित परिवारका सबै गाउँ आए । काजकिरियाको काम सकिएपछि २१ पुसमा साहुकारले षड्यन्त्रपूर्वक हडपेको जग्गाबारे गाउँलेसहित बसेर छलफल गरे । जहाँ साहुकार पञ्जियार र उनीबाट जग्गा खरिद गर्ने सिंहसमेत उपस्थित थिए । 'काकाकै आँगनमा सबै बसेर साहुकार सुरेश पञ्जियारले हत्याएर पछि रामनारायण सिंहले किनेको भनिएको घरजग्गाबारे छलफल भयो । गाउँलेले अदालतको डाक लिलाममार्फत लिएको घरजग्गा चलनचल्तीको मूल्यमै भए पनि मलाई फिर्ता गर्न आग्रह गरैं, तर पञ्जियारले 'मैले बेचिसकेको छु, फिर्ता गर्न सक्दिनँ' भने । सिंहले पनि घरजग्गा किनेको हुँ भन्दै छाड्न मानेनन्,' पीडित कामतीले भने ।

कामतीले जिल्ला प्रशासनमा दिएको उजुरीमा छानबिनकै क्रममा रहेका वेला पञ्जियारले जग्गा बेचेका थिए । त्यसको जानकारी आफूले पाँच-सात महिनाअघि मात्रै थाहा पाएको कामतीले बताए । 'सोमबार दिउँसो करिब ३ बजेतिर ठूलो परिवारसहित डेरामा बस्न गाह्रो भयो । उजुरीबारे जे निर्णय हुन्छ, त्यहीअनुसार गर्छु । त्यतिञ्जेल म आफ्नो घरमा बस्छु भनेर म र मेरो भाइ राजकिशोर गयौं । आँगनमा बार लगाइएको बाँसको टाट हटाउन खोज्दा दक्षिणपट्टि टाँसिएकै घरमा बस्ने रामनारायण सिंह गालीगलौजसँगै खुकुरी उज्याउँदै यहीँ ढालिदिन्छु भन्दै आए,' कामतीले भने, 'पछिपछि उनका छोरा शैलेन्द्र र भतिज नितेशसमेत आएर गालीगलौज र कुटपिट गरे ।'

कामतीको कठालो समात्दै खुकुरी ठड्याएको देखेर बाटोमा हिँड्ने बटुवासमेत उभिएर हेर्न थाले । 'जालझेल गर्दै जायजेथा खोसेर सुकुमवासी बनाउन खोजेको मलाई माछी भने मार भन्दै मैले पनि प्रतिवाद गरैं । गालीगलौज, कुटपिटसँगै पटक-पटक खुकुरी उज्याउँदै प्रहार गर्न खोजियो,' कामतीले भने, 'उजुरीको फैसला नहुञ्जेल बस्न दिनुस् भन्दै गएको थिएँ, ज्यान नै लिन खोजियो ।' निकैबेर वादविवाद चल्यो । मान्छेहरू धेरै जम्मा हुन थालेपछि सिंहको हातबाट उनकी बुहारीले खुकुरी खोसेर लिएर भित्र लगिन् ।

खुकुरी उज्याएर ज्यान मार्ने धम्की दिने सिंह पक्राउ

सञ्जयकुमार कामतीलाई खुकुरी प्रहारको प्रयास गर्ने रामनारायण सिंहलाई प्रहरीले मंगलबार पक्राउ गरेको छ । उनलाई अरङस्थित घरबाटै पक्राउ गरिएको इप्रका मिर्चैयाका डिएसपी जितेन्द्रकुमार बस्नेतले बताए । पीडितबाट उजुरी नआए पनि खुकुरी उज्याएको फोटो र भिडियोको आधारमा नियन्त्रणमा लिएको र पीडितले उजुरी दिएपछि थप कानुनी प्रक्रिया अगाडि बढाइने उनले बताए ।

लिखित...

पृष्ठ १ बाट क्रमशः

ठहर गरेको छ । छानबिनका क्रममा विभागले यातायात कार्यालयहरूका डाटा र जारी भएका लाइसेन्सको सूक्ष्म विश्लेषण गरेको थियो । यस क्रममा गैरकानुनी तरिकाले ७३ हजार पाँच सय ८४ वटा लाइसेन्स जारी भइसकेका छन् । यी लाइसेन्स माइग्रेटेड एप र पेपरकार्ड वर्गका हुन् । त्यस्तै, एपिपी, पेपरकार्डका दुई समूह र माइग्रेटेड एप वर्गका चार वर्गका २९ हजार एक सय २७ लाइसेन्स बायोमेट्रिक लिन बाँकी रही जारी हुने अन्तिम चरणमा पुगेका हुन् । कर्मचारी र बिचौलियाको मिलेमतोमा तेब्बर/चौबर रकम लिएर फर्जी लाइसेन्स जारी गर्ने गरिएको छानबिन समितिले भेटेको छ । खुलेआम तरिकाले फर्जी लाइसेन्स उत्पादन र वितरण हुने गरेको छानबिन समितिले औंल्याएको छ । विगतमा कागजी ढड्डामा अभिलेख राखिने गरेकामा ०७० देखि ती विवरण 'डाटा'मा उतार्न थालिएको थियो । ०७२ देखि ती विवरण डिजिटाइज्ड गरिएको थियो । हालसम्म प्रणालीमा ५० लाख डाटा छन् । अर्थात्, करिब ५० लाख लाइसेन्स जारी भएका छन् ।

विदेश गएका, नवीकरण नगरेका, मृत्यु भएकाको विवरण फेरेर फर्जी लाइसेन्स

छानबिन समितिले फर्जी लाइसेन्स कसरी जारी र वितरण गरिँदोरहेछ भनेर पनि हेरेको थियो । यसरी हेर्दा सामान्यतयाः विदेश गएका तथा उतै बसेका, लाइसेन्स नवीकरण नगरेका, मृत्यु भएकालगायतको पहिचान गरेर प्रणालीमा तिनको विवरण फेरेर नयाँ हालिएको भेटिएको छ । यसको पहिचान मूलतः दलालहरूले गर्ने गरेको भेटिएको छ । व्यक्ति पहिचान भएपछि डाटामा छिरेर तिनको नाम, फोटो, बायोमेट्रिक परिवर्तन गरेर नयाँ लाइसेन्स जारी गरिएको छ ।

ट्रायल दिन आएको व्यक्तिको नाममा पहिले नै लाइसेन्स

छानबिनका क्रममा समितिले नागरिकको विवरणमा गम्भीर खेलबाड गरिएको भेटेको छ । एउटै व्यक्तिका नाममा दुईवटा लाइसेन्ससमेत छानबिनका क्रममा भेटिएको छ । सवारी लाइसेन्सका लागि लिखित पास गरेर ट्रायलका लागि आएकी एक महिलाको नाममा पहिले नै लाइसेन्स जारी भएकोसमेत भेटिएको छ । त्यस्तै, एकजना महिलाको नाममा बसको लाइसेन्स जारी भएको छ । उनी नेपालभर बसको लाइसेन्स पाउने एक मात्र महिला रहेको देखिन्छ । यसलाई पनि समितिले शंकास्पद भनेको छ । एकजना नेपाल सरकारका पूर्वसचिवका नाममा लाइसेन्स नम्बर छ । तर, उनको नाममा अर्कैले लाइसेन्स बनाइसकेकोसमेत पनि भेटिएको छ । आपत्कालीन अवस्थाका नाममा गैरकानुनी तरिकाले रकम लिएर लाइसेन्स जारी गरिएको पनि देखिएको छ ।

प्रणालीमै छिद्र

छानबिन समितिले शंकास्पद लाइसेन्सहरूको छोटो समयमा अध्ययन र विश्लेषण गरेको हो । छानबिन समितिका एक सदस्यका अनुसार यसरी जारी भएका लाइसेन्स अझै ठूलो संख्यामा रहेको सहजै अनुमान गर्न सकिन्छ । यसका लागि लामो समय, जनशक्ति र प्रविधि आवश्यक छ ।

सवारी लाइसेन्स र विवरण राख्ने प्रणाली नै कमजोर हुँदा पनि समस्या देखिएको ठहर समितिको छ । विभागका महानिर्देशक रिजाल प्रणालीकै कमजोरीले पनि यो समस्या देखिएको बताउँछन् । यसलाई सुधार गर्नुपर्ने देखिएको उनी बताउँछन् । लाइसेन्स जारी हुने प्रक्रियामा रहेका २९ हजार एक सय २७ लाइसेन्स खारेज गर्नुपर्ने सुझाव समितिले दिएको छ । त्यस्तै, जारी भइसकेकाको हकमा 'भेरिफाई' गर्न प्रदेशहरूलाई लेखी पठाउनुपर्ने सुझाव समितिको छ । सवारी लाइसेन्समा देखिएको विकृति नियन्त्रणका लागि समितिले विभिन्न सुझाव बुँदागत रूपमा दिएको छ ।

एनआईबिएल प्रगति फण्ड खारेज गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/२४ गते)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साबिकको नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड) कोष प्रवर्द्धक तथा एनआइएमबि एस क्यापिटल लिमिटेड (साबिकको एनआईबिएल एस क्यापिटल लिमिटेड) योजना व्यवस्थापक रहेको तथा एनआईबिएल म्युचुअल फण्ड अन्तर्गत संचालित एनआईबिएल प्रगति फण्ड मिति २०८०/०९/२६ गते पश्चात् निर्धारित समयावधि समाप्त भई परिपक्व हुनेछ तर सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३१ को खण्ड (क) मा योजनाको अवधी समाप्त भएमा योजना खारेजीमा लानुपर्ने तथा यसरी खारेजीमा लाने क्रममा सोही नियमको उपनियम (६) बमोजिम खारेजीमा लाने सम्बन्धमा बोर्डलाई जानकारी दिई राष्ट्रियस्तरको पत्रपत्रिकामा कम्तिमा दुई पटक सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने व्यवस्था रहेको र नियम, ३२ को उपनियम (३) को व्यवस्था बमोजिम योजना अन्तर्गतको सम्पत्तिलाई नगदमा परिणत गरी ईकाईधनीहरुलाई उनिहरुको स्वामित्वको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३१ को उपनियम ७ को व्यवस्था बमोजिम "सूचना प्रकाशन गरेपछि कोष सुपरिवेक्षक वा योजना व्यवस्थापकले त्यस्तो खारेज गर्न लागिएको योजनाको कारोबार गर्न गराउन नहुने" भन्ने व्यवस्था अनुरुप यो सूचना प्रकाशित भएको मिति (२०८०/०९/२४) बाट योजनाका इकाईहरुको कारोवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

योजना खारेज गरी प्रचलित कानुनी प्रकृया पुरा गरे पश्चात् इकाइधनीहरुलाई रकम फिर्ता भुक्तानी गरिनेछ । यस क्रममा आवश्यकता अनुसार सार्वजनिक रुपमा सूचना प्रकाशित गरी ईकाईधनीहरुलाई जानकारी गराईनेछ । योजना खारेजी पश्चात् सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३३ को व्यवस्था बमोजिमको योजना खारेजी प्रतिवेदन योजनाका सहभागि, नियमनकारी निकाय तथा अन्य सम्बन्धित निकायलाई उपलब्ध गराउने व्यवस्था समेत गरिनेछ ।

योजना खारेजी समिति

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४५२५२८०, फ्याक्स: ४००५०८४
Email: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

वलेफी हाइड्रोपावर लि.

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
ल.म.न.पा.वडा नं.२, ललितपुर, फोन नं.०१-५९०५००३/९८५१२७४७२८
Website:www.balephihydro.com, Email: info.balephi@gmail.com

बाह्रौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८०/०९/२५)

श्री शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०९/१३ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस वलेफी हाइड्रोपावर लि.को बाह्रौ वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी पारित गर्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

वार्षिक साधारणसभा हुने मिति, समय र स्थान:

मिति : २०८०/१०/१० (तदनुसार Jan 24th, 2024)
समय : विहान ११:०० बजे ।
स्थान : आम्रपालि ब्याड्क्वेट, नक्साल भाटभटेनी नजिकै, काठमाण्डौं ।

छलफलका विषयहरु:

क) सामान्य प्रस्तावहरु:

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०७९/०८० को वार्षिक वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।
३. आर्थिक वर्ष २०८०/०८१ का लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. संचालक समितिको पुनर्गठन गर्ने ।

ख) विशेष प्रस्तावः

१. कम्पनीको ठेगाना परिवर्तन गर्नका लागि प्रबन्धपत्रको दफा २ तथा नियमावलीको नियम २ मा संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीले १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने साधारण सभाका निर्णय बमोजिम विद्युत नियमन आयोगबाट सहमती प्राप्ती पश्चात अनुमोदन तथा पारित गर्ने र संस्थापक शेयरधनीहरुबाट शेयर बापतको एड्भान्स रकम उठाउने साथै नियमनकारी निकायहरुबाट कुनै संसोधन तथा निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
३. हकप्रद शेयर जारी पश्चात प्राप्त पुँजीको उपयोग सम्बन्धमा ।
४. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन र हकप्रद शेयर सम्बन्धी पारित प्रस्ताव नियमनकारी निकायहरुबाट स्वीकृत लिने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्नु पर्ने भएमा सो कार्य गर्न गराउनसञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले आफूले लिन पाउने हकप्रद शेयर लिने इच्छा नगरेमा हक हस्तान्तरण गर्न र सो बापतको रकम दाखिला गरी अर्को शेयरधनीले हकप्रद शेयर लिन पाउने सम्बन्धमा ।

ग) विविध :

साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. सर्वसाधारणको वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८०/०९/२७ (तदनुसार २०२४/०१/१२) गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरीने छ। नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०८०/०९/२६(तदनुसार २०२४/०१/११) गते सम्म कारोबार भई शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधीहरु सो सभामा भाग लिन योग्य रहनेछन् ।
२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोलि शेयर अभौतिकरण गरीएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाण पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
३. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अलग्गै प्रकाशित गरीने छ । आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको web site: www.balephihydro.com मा पनि हेर्न सक्नुहुने छ ।
४. सभामा आफू उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रिय कार्यालयमा प्रोक्सी फारम दर्ता गरी सक्नुपर्ने छ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरीसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधी मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्ट्रार कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरीएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनुपर्दछ ।
५. संरक्षक रहनुभएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरीएको अवस्थामा शेयर दर्ता लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरीएको एक व्यक्तिले कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।
६. छलफलका विषय सुचि मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । तर त्यसलाई पारित गर्नुपर्ने प्रस्तावको रुपमा राखिने छैन ।
७. शान्ति सुरक्षाको दृष्टिकोणले साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाएत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला र शरीर जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरीदिनुहुन अनुरोध छ ।
८. अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रिय कार्यालय ललितपुर महानगरपालिका वडा नं.२, रमेश कम्पलेक्स वा फोन ९८५१२७४७२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरीन्छ ।

नोट : कम्पनीको वार्षिक साधारणसभा सम्बन्धी थप जानकारीका लागि मिति २०८०/०९/१६ गते प्रकाशित नयाँ पत्रिका राष्ट्रिय दैनिकमा हेर्नुहुन अनुरोध गर्दछु ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड र सन्राईज क्यापिटल लिमिटेड बीच मर्जर पश्चात कायम भएको लक्ष्मी सन्राईज क्यापिटल लिमिटेडको नामबाट एकिकृत कारोबार संचालन गरिएको बारे अत्यन्त जरूरी सूचना

नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता. नं. १२६१/०६७/०६८ अन्तर्गत मिति २०६७/०६/१७ मा दर्ता भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र व्यवसाय गर्न इजाजतप्राप्त गरी मिति २०७५/०८/०५ मा कारोबार गर्न स्वीकृत प्राप्त काठमाण्डौ, का.म.न.पा. वडा नं.१, कमलपोखरी रजिष्टर्ड कार्यालय रहेका **सन्राईज क्यापिटल लिमिटेड** र का.म.न.पा. वडा नं. १०, नयाँ बानेश्वर, काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको **लक्ष्मी क्यापिटल मार्केट लिमिटेड** एक आपसमा गाभ्न गाभिनको लागि दुवै कम्पनीहरुको मिति २०८०/०७/२१ गते सम्पन्न छुट्टाछुट्टै विशेष साधारणसभाबाट सर्वसम्मतीबाट विशेष प्रस्ताव पारित भएको र नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/०८/२९ गतेका दिन **लक्ष्मी क्यापिटल मार्केट लिमिटेड र सन्राईज क्यापिटल लिमिटेड** गाभ्न गाभिनको लागि स्वीकृती प्राप्त भएकोले गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति तथा दायित्व समेत गाभ्ने कम्पनीले सकार्ने गरी दुवै कम्पनीहरुको सम्पन्न छुट्टाछुट्टै संचालक समितिको बैठकबाट निर्णय भए बमोजिम मर्जर पश्चात कायम भएको **लक्ष्मी सन्राईज क्यापिटल लिमिटेड** (**अंग्रेजीमा Laxmi Sunrise Capital Limited**) को नामबाट मिति २०८०/०९/२३ गते (तदनुसार ८ जनवरी, २०२४) सोमबारदेखि का.म.न.पा. वडा नं. १०, नयाँ बानेश्वरबाट एकिकृत कारोबार भएको व्यहोरा सम्बन्धित सवैलाई यसै सूचना मार्फत जानकारी गराउदछौ ।

साथै साविक सन्राइज क्यापिटल लिमिटेड, का.म.न.पा. वडा नं. १ कमलपोखरी, काठमाडौंबाट शाखा कार्यालयको रुपमा सेवा उपलब्ध गराउने समेत जानकारी गराउदछौ ।

LS CAPITAL
लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड
A wholly Owned Subsidiary of Laxmi Sunrise Bank.

नयाँ बानेश्वर, काठमाडौं
फोन : ०१-५९७००६४
E-mail: info@lscapital.com
URL: www.lscapital.com

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०।०९।२५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखितको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरूको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	आवधिक कर्जा	**ऋणीको नामः जरेवर कृषि तथा पशु फर्म** (प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता रहेको) दर्ता नं.: ९४००/०७७/०७८ दर्ता मितिः २०७७/०५/३१ स्थायी लेखा नं.: ६१३७८१५३२ ठेगानाः तनहुँ जिल्ला, बन्दिपुर गा.पा., वडा नं १, नाहाला। **प्रोप्राईटरः** **चन्द्र विलास पोखेल** ना.प्र.प.नं (जारी मिति/स्थान): ७४२(२०४४/०१/२३/तनहुँ) बाजेको नामः रविलाल पोखेल बाबुको नामः पशुपति पोखेल ठेगानाः तनहुँ जिल्ला, घाँसीकुवा गा.वि.स., वडा नं. १। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. नवराज पोखेल** ना.प्र.प.नं (जारी मिति/स्थान): ४३३०२७/४९ (२०७०/०२/३१/तनहुँ) बाजेको नामः पशुपति पोखेल बाबुको नामः चन्द्र विलास पोखेल ठेगानाः तनहुँ जिल्ला, घाँसीकुवा गा.वि.स., वडा नं. १। **२. गणेश पोखेल** ना.प्र.प.नं (जारी मिति/स्थान): ४३१०२७/११७१४८ (२०६६/०३/३०/तनहुँ) बाजेको नामः पशुपति पोखेल बाबुको नामः चन्द्र विलास पोखेल ठेगानाः तनहुँ जिल्ला, घाँसीकुवा गा.वि.स., वडा नं. १। **३. तिर्थमाया पोखेल** ना.प्र.प.नं (जारी मिति/स्थान): ४३१०२७/१०७८३२ (२०६५/०४/१२/तनहुँ) बाबुको नामः जगन्नाथ बगाले ससुराको नामः पशुपति पोखेल पतिको नामः चन्द्र विलास पोखेल ठेगानाः तनहुँ जिल्ला, जामुने गा.वि.स., वडा नं. ६।	१. जगन्नाथ बगालेको छोरी, पशुपति पोखेलको बुहारी, चन्द्र विलास पोखेलको पत्नी, तनहुँ जिल्ला, जामुने गा.वि.स., वडा नं. ६ बस्ने **तिर्थमाया पोखेल**को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, मैवल गा.वि.स./न.पा., वडा नं. ४/ख स्थित कि.न. २३५ को क्षेत्रफल १-११-३-२ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समे

संक्षेप

दूरसञ्चार प्राधिकरणका अध्यक्ष खनालको राजीनामा

काठमाडौं/ नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले पदबाट राजीनामा दिएका छन्। मंगलबार सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मामार्फत प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसमक्ष उनले राजीनामा बुझाएका हुन्। ६ महिना कार्यकाल बाँकी छँदै खनालले राजीनामा बुझाएका हुन्। ०७६ साउनमा प्राधिकरणको अध्यक्षमा नियुक्त पाएका उनी पाँचवर्षे अवधिका कारण आगामी साउनमा निवृत्त हुने थिए। खनाल प्राधिकरणको टेरामक्सदेखि एमडिएमएस खरिदमा विवादित थिए। मन्त्रालयले गरेको छानबिनले पनि एमडिएमएस खरिदमा उनको भूमिका विवादित देखाएको छ। उनीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको छ। मंगलबार नै बसेको मन्त्रिपरिषद् बैठकले उनको राजीनामा स्वीकृत गरिसकेको छ। खनालले राजीनामा दिएपछि रिक्त अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा समिति गठन गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ। खनालको राजीनामासँगै रिक्त पदमा प्राधिकरणकै सदस्य नवराज अधिकारीलाई अर्को व्यवस्था नभएसम्मका लागि कार्यवाहक अध्यक्ष तोक्ने निर्णय गरिएको छ। त्यस्तै, राष्ट्रिय विकास परिषद्मा नेपाल सरकारबाट मनोनयन हुने विभिन्न जिल्ला समन्वय समिति, स्थानीय तह, विभिन्न निकायका पदाधिकारी तथा व्यक्तिमध्येबाट २५ जना सदस्य मनोनयन गर्ने निर्णय पनि सरकारले गरेको छ।

कान्तिभैरव सहकारीका सञ्चालक पक्राउ

काठमाडौं/ एक अर्ब २१ करोड रुपैयाँभन्दा धेरै रकम हिनामिना गरेको उजुरीपछि प्रहरीले गोकर्णेश्वर नपा-८, अत्तरखेलस्थित कान्तिभैरव बचत तथा ऋण सहकारी संस्थाका सञ्चालकलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार पक्राउ पर्ने सहकारीका अध्यक्ष हरिकृष्ण श्रेष्ठ, पूर्वअध्यक्ष एवं संरक्षक प्रेम श्रेष्ठ, कोषाध्यक्ष शेरलाल श्रेष्ठ र सहव्यवस्थापक राजेन्द्र श्रेष्ठ रहेका छन्। उनीहरूलाई प्रहरी वृत्त बौद्धले पक्राउ गरेको हो। उनीहरूविरुद्ध अनुसन्धान भइरहेको प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी कुमुद ढुंगेलले बताए। उनले भने, 'सहकारीमा रकम हिनामिना गरेको भन्दै उजुरी पऱ्यो। सोही उजुरीका आधारमा कान्तिभैरव सहकारीका सञ्चालकलाई पक्राउ गरेका छौं। उनीहरूविरुद्ध अदालतबाट म्याद थप भई अनुसन्धान भइरहेको छ।'

चक्रवर्ती कलेजका अध्यक्षमाथि आक्रमण

काठमाडौं/ बिजुलीबजारस्थित चक्रवर्ती ल कलेजको स्वामित्वसम्बन्धी विवाद बाबु-छोरीबीच झडपमा बदलिएको छ। बाबु देवेन्द्र र छोरा नीरज भण्डारीको समूहबीच सोमबार राति झडप भएको हो। झडपमा देवेन्द्रको टाउकोमा गम्भीर चोट लागेको छ भने छोरा नीरजको अनुहारमा पनि चोट लागेको छ। अन्य तीनजना घाइते भएका छन्। काठमाडौं परिसर प्रमुख एसपी कुमुद ढुंगेलले भने, 'बाबु-छोराबीच कलेजको स्वामित्वलाई लिएर विवाद रहेछ। यहीक्रममा सोमबार छोराले बाबु पक्षका कर्मचारी निकालेछन्। नयाँ कर्मचारी भर्ना गरेछन्। बाबुलाई कलेजभित्र छिर्न पनि दिएनछन्। यही विषयलाई लिएर दुई पक्षबीच झडप भएको देखिन्छ।' प्रहरीका अनुसार नीरजले देवेन्द्रलाई बाँसको कप्टेरोले टाउको र शरीरमा प्रहार गरेका थिए।

सातै प्रदेशका प्रहरी प्रमुख फेरिए

काठमाडौं/ गृह मन्त्रालयले सातै प्रदेशका प्रहरी प्रमुखको सरुवा गरेको छ। मंगलबार १६ प्रहरी नायब महानिरीक्षकको सरुवा गर्दा सबै प्रदेशको नेतृत्व फेरिएको छ। कोशीमा चन्द्रकुवेर खापुङ, मधेशमा यज्ञविनोद पोखरेल, बागमतीमा विष्णुकुमार केसी, गण्डकीमा विकासराज खनाल, लुम्बिनीमा कुवेर कडायत, कर्णालीमा लालमणि आचार्य र सुदूरपश्चिममा रवीन्द्र केसीलाई पठाइएको छ। त्यस्तै, भरतपुर तालिम केन्द्रमा डिआइजी सुरेन्द्रराज मैनालीलाई काज खटाइएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, उपत्यका ट्राफिक प्रहरी कार्यालय र विशेष ब्युरोका डिआइजीको भने हेरफेर गरिएको छैन। कोशीका राजेश बास्तोलालाई अन्वेषण, योजना तथा विकास निर्देशनालय, मधेशका जनक भट्टराईलाई अपराध अनुसन्धान विभाग, बागमतीकी किरण राणालाई केन्द्रीय अनुसन्धान ब्युरो, गण्डकीका बुद्धिराज गुरुङलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लुम्बिनीका उमेशराज जोशीलाई प्रहरी एकेडेमी, कर्णालीका भीमप्रसाद ढकालको प्रहरी महानिरीक्षकको सचिवालयमा सरुवा भएको छ।

एमालेले सरकारविरुद्ध आन्दोलन गर्ने

काठमाडौं/ एमालेले काठमाडौंकेन्द्रित आन्दोलन गर्ने गरी गृहकार्य सुरु गरेको छ। सरकारले मुलुक र जनतामाथि चरम ज्यादती गरेको तथा राष्ट्रियता र स्वाधीनतामाथि गम्भीर आँच पुग्ने काम गरेको निष्कर्ष निकाल्दै एमालेले आन्दोलनको गृहकार्य सुरु गरेको हो। मंगलबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा आयोजित जनसंगठन समन्वय संयन्त्रको बैठकमा महासचिव शंकर पोखरेलले सबै जनसंगठनलाई आन्दोलनको गृहकार्य अगाडि बढाउन निर्देशन दिए। सरकारको गैरजिम्मेवारीले सीमा नाघेका कारण सही ठाउँमा आउन बाध्य बनाउने गरी आन्दोलनको तयारी गर्नुपर्ने बाध्यता देखिएको उनको भनाइ थियो। संयन्त्रको बैठककलगत्तै जनसंगठनहरूले सरकारविरुद्ध प्रदर्शन गर्ने गरी तयारी गर्ने जानकारी गराएका छन्। महासचिव पोखरेलले राजधानीमा मध्यमवर्ग र गरिखाने वर्गमाथि चरम खालका ज्यादती भए पनि ठोस ढंगले प्रतिकार हुन नसकेको भन्दै त्यस दिशातर्फ पनि ध्यानकेन्द्रित गर्न निर्देशन दिए।

भूमि अधिकार खोज्दै दाङका किसान सिंहदरबारमा

काठमाडौं/ आफ्नै जग्गामा मोही हुन बाध्य पारिएको भन्दै दाङका किसान भूमि अधिकारको न्याय खोज्दै काठमाडौं आइपुगेका छन्। आफ्ना पुर्खाले उपभोग गर्दै आइरहेको जग्गा विभिन्न कालखण्डमा नियोजित रूपमा व्यक्ति हुँदै स्वर्गद्वारी गुठीको ग्रेस्ता कायम गरिएको भन्दै पीडितहरू भूमि अधिकारको पीडा पोख्न काठमाडौं आइपुगेका हुन्। देउखुरी, लमही, घोराहीलगायत ठाउँका तीन हजार पाँच सय घरधुरी एक हजार ५० बिघा जग्गा जोतभोग गर्दै आइरहेका छन्। उनीहरूसँग आफ्नो नाममा जग्गा दर्ता पुर्जा छैन। जग्गा आफ्नो नाममा नभएको भन्दै पीडितहरूले मंगलबार देशकै मुख्यालय सिंहदबारमा पुगेर गृहमन्त्री नारायणकाजी श्रेष्ठ, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रन्जिता श्रेष्ठ चौधरीलगायतसँग भेट गरेका छन्। लामो समयदेखि आफूहरूका माग राज्यले नजरअन्दाज गरेको भन्दै यसपटक सरकारले माग सम्बोधन गर्नैपर्ने अडान पीडितहरूले लिएका छन्।

नागरिकता किर्तेमा वीरगन्जका मेयर सिंहविरुद्ध जाहेरी

वीरगन्ज/ वीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहविरुद्ध नागरिकता किर्तेमा जाहेरी परेको छ। सिंहले नक्कली बाबु बनेर रुविना श्रेष्ठ नाम गरेकी युवतीलाई वंशजको नागरिकता दिएको भन्दै मंगलबार दिउँसो जिल्ला प्रशासन कार्यालय पर्सामा जाहेरी दर्ता भएको हो।

स्थानीय मोहम्मद सहाबुद्दिनले प्राप्त प्रमाणका अनुसार महानगर प्रमुख सिंहले झुटो विवरण दिएर नागरिकता बनाउन सहयोग गरेकाले उनीमाथि छानबिन गरी कारबाही गर्न माग गर्दै प्रशासन कार्यालयमा जाहेरी दर्ता गराएको बताए। जाहेरीमा झुटो विवरणका आधारमा जन्मदर्ता र नागरिकता बनाएको, त्यस आधारमा बनाइएको नागरिकता र राहदानी खारेज गर्न तथा नागरिकता लिने र नक्कली बाबु बनेर नागरिकता दिलाउने मेयर सिंहलाई कानुनअनुसार कारबाही गर्न माग गरिएको छ।

१३ साउन ०७५ मा वीरगन्ज महानगरपालिका- ३ बस्ने रुविना श्रेष्ठले जिल्ला प्रशासन कार्यालय पर्साबाट पहिलोपटक लिएको नागरिकता प्रमाणपत्रमा बुबाको नाम राजेशमान सिंह उल्लेख छ। ८ फागुन ०७६ मा प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तवले श्रेष्ठको नाममा प्रतिलिपि नागरिकता जारी गरेका छन्। रुविनाको नागरिकतामा बुबाको नाम राजेशमान सिंह उल्लेख भए पनि आमाको नाम भने नखुलाइएको अवस्था छ। नागरिकतामा किशोरीको जन्ममिति ३० असार ०५९ उल्लेख छ। पहिलोपटक १३ साउन ०७५ मा षडकुमार पोखरेलद्वारा किशोरीको नागरिकता जारी गर्दा प्रमुख जिल्ला अधिकारी लोकनाथ पौडेल थिए। गैरकानुनी ढंगबाट नागरिकता प्राप्त गरेकी किशोरी रुविना हाल राहदानी बनाएर उच्च शिक्षा अध्ययनका लागि अस्ट्रेलिया गएकी छिन्। पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले वीरगन्ज महानगर प्रमुख सिंहले झुटो कागजपत्र पेस गरेर किशोरीलाई वंशजको नागरिकता दिएको विषयमा अनुसन्धान हुने बताए। प्रमुख सिंहको परिवारमा श्रीमती अन्नपूर्णा मानन्धर र एउटा छोरा अनिशमानसिंह श्रेष्ठ मात्रै छन्।

संवैधानिक परिषद्मा उपस्थित नहुने पदाधिकारीलाई महाभियोग लगाउने प्रस्ताव

विधेयकमा सहमति खोज्न ६ सांसदलाई जिम्मेवारी

कमलराज भट्ट/नयाँ पत्रिका

संवैधानिक परिषद्को बैठकमा अनुपस्थित हुने पदाधिकारीलाई जवाफदेही बनाउन महाभियोग आकर्षित हुने कानुनी व्यवस्था गर्न संसदीय समितिमा प्रस्ताव आएको छ। संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी संशोधन विधेयकमाथिको छलफलमा भाग लिँदै सांसदहरूले सार्वजनिक पदधारण गरेका पदाधिकारीलाई दायित्वबोध गराउन आचरण र महाभियोग आकर्षित हुने प्रबन्ध गर्नुपर्ने प्रस्ताव गरेका हुन्।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले विधेयकका संशोधनकर्ता सँग छलफल सकेको छ। विधेयकका विषयमा सहमति खोज्न दलका ६ सांसदलाई जिम्मेवारी दिएको छ। सभापति रामहरि खतिवडाका अनुसार कांग्रेसबाट महामन्त्री गगन थापा र दिलेन्द्र बडू, एमालेबाट रघुजी पन्त, माओवादीबाट हितराज पाण्डे, रास्वपाबाट रवि लामिछाने र जसपाका प्रकाश अधिकारीले विधेयकलाई टुंग्याउनेछन्। सभापति खतिवडाले संविधानको स्पिरिटमा विधेयकलाई सर्वसम्मत टुंग्याइने बताए।

विधेयकमा आठ सांसदको संशोधन परेकोमा मंगलबार संशोधनकर्ता महेश बर्तौला र दामोदर पौडेल बैरागीसँग छलफल गरेको समिति बैठकमा सत्तारूढ कांग्रेस सांसद दिलेन्द्रप्रसाद बडूले आचरण र महाभियोगमार्फत उत्तरदायी बनाउनुपर्ने प्रस्ताव गरे। पदाधिकारीको अनुपस्थितिका कारण परिषद् बैठक बस्न नसकेर बन्धक बनेको भन्दै उनले यो समस्या अन्त्य गर्न ऐनमै कर्तव्य स्मरण गराउनुपर्ने बताए। 'बैठकमा उपस्थित हुनु सबै सदस्यको कर्तव्य हुनेछ भनेर लेखौं। कर्तव्यप्रति उत्तरदायी बनाउने गरी संवैधानिक दायित्वलाई लिखित रूपमा मेन्सन गर्नुपर्छ,' उनले भने, 'अनुपस्थित भए भने वा कर्तव्यबाट विमुख भएको पाइएमा उनीहरूले आफ्नो संवैधानिक दायित्व र पदीय जिम्मेवारी पूरा नगरेको ठहरिनेछ भनेर लेखिदिनेबित्तिकै उनीहरू उपस्थित हुन बाध्य हुन्छन्।'

यो कानुनी व्यवस्थाबाट परिषद्का सदस्यहरू प्रधानन्यायाधीश, सभामुख, उपसभामुख र राष्ट्रिय सभा अध्यक्षलाई बाध्यकारी बनाउने बडूको भनाइ थियो। 'यति हुँदा पनि दायित्वबाट विमुख



● **दिलेन्द्रप्रसाद बडू**, सांसद, कांग्रेस

बैठकमा उपस्थित हुनु सबै सदस्यको कर्तव्य हुनेछ भनेर लेखौं। कर्तव्यप्रति उत्तरदायी बनाउने गरी संवैधानिक दायित्वलाई लिखित रूपमा मेन्सन गर्नुपर्छ। अनुपस्थित भए भने वा कर्तव्यबाट विमुख भएको पाइएमा उनीहरूले आफ्नो संवैधानिक दायित्व र पदीय जिम्मेवारी पूरा नगरेको ठहरिनेछ भनेर लेखिदिनेबित्तिकै उनीहरू उपस्थित हुन बाध्य हुन्छन्।



● **रवि लामिछाने**, सभापति, रास्वपा

देशलाई मेरिटको आधारमा लैजाने, महत्त्वपूर्ण पदमा नियुक्ति गर्ने सुनिश्चित गर्न सके गणपूरक समस्या आउँदैन। एक दिन पनि पद रिक्त हुँदैन। देशलाई चाहिने मान्छे आउँछ। कोरम पुग्छ, बहुमत पुग्छ, राम्रो मान्छे छनोट भएर आउँछ।

भएर कर्तव्यबाट पन्छिने हो भने संविधानको धारा ९१, ९२ र १०१ आकर्षित हुन्छ,' उनले भने। बडूका अनुसार धारा ९१ (६) (ग) र ९२(६) (ग) मा पदअनुकूल आचरण नगरेको प्रस्ताव सदनबाट दुईतिहाइले पारित भएमा सभामुख-उपसभामुख र अध्यक्ष पदमुक्त हुने व्यवस्था छ। १०१ (२) मा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेमा प्रतिनिधिसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एकचौथाइ सदस्यले प्रधानन्यायाधीशविरुद्ध महाभियोग ल्याउन सक्ने र दुईतिहाइबाट पारित भएमा पदमुक्त हुने व्यवस्था छ। एमालेका रघुजी पन्तले पनि ऐनबाटै कर्तव्य स्मरण गराउनुपर्ने बताए। 'बैठकमा जानु संवैधानिक दायित्व हो, तर गएनन्। नैतिक रूपमा दबाब बनाउन दायित्व वा कर्तव्य हो भनेर लेखौं,' उनले भने।

जसपाका प्रकाश अधिकारीले परिषद्को बैठकमा प्रमुख प्रतिपक्षी दलको नेतालाई पनि उपस्थितिमा बाध्य पार्नुपर्ने बताए।

'अध्यक्षले पनि आफूअनुकूल हुने गरी बैठक बोलाउनुहुँदैन। ऐनमा यो सुनिश्चित गर्नुपर्छ। संवैधानिक पद तीन महिनाभन्दा बढी खाली राख्न मिल्दैन,' उनले भने।

रास्वपाकी चन्दा कार्कीले संवैधानिक दायित्व पूरा नगर्नेलाई जवाफदेही बनाउन जरुरी रहेको बताइन्। रास्वपा सभापति रवि लामिछानेले निर्णय गर्ने जिम्मेवारी लिएका राज्यका शीर्ष ६ पदाधिकारीकै पदीय इमानदारितामा प्रश्न उठेको भन्दै पदीय जिम्मेवारी सम्झाउनेभन्दा पनि कानुनद्वारा नै निर्देशित गर्ने ठाउँ खोजिएको बताए। उनीहरूले जिम्मेवारी पूरा नगरेकै कारण पटक-पटक मुलुक बन्धकमा परेको, महत्त्वपूर्ण निर्णय हुन नसकेको भन्दै लामिछानेले तर यसको समाधान महाभियोग नभएको जिकिर गरे। 'संवैधानिक दायित्व पूरा नगरेकोमा आचरण वा महाभियोगमार्फत पद रिक्तको अवस्थासम्म पुऱ्याउने कुरा आयो। तर, यसका लागि पनि संख्यामा पुनुपर्छ। संसद्मा बहुमत चाहियो, कहाँबाट आउँछ ?' उनले प्रश्न गरे, 'संख्यामा पुऱ्याउँदा आफ्नो दल र नेता भन्ने हुन्छ। आफ्ना नेताहरूले छनोट गरेका मान्छेहरू जसरी पनि बचाउने ठाउँमा आइपुग्छौं।'

सञ्चारमन्त्री रेखा शर्माले पदाधिकारीको उपस्थिति बाध्यकारी बनाउन जरुरी रहे पनि महाभियोग लगाउने कुरा व्यावहारिक नभएको बताइन्। 'बैठकमा उपस्थितिलाई कसरी बाध्यकारी बनाउने विषयमा असहमत हुनुपर्ने ठाउँ छैन। सबै बैठकमा आउनुपर्छ, दायित्वबोध गराउनुपर्छ भन्ने कुरा उपयुक्त हो,' उनले भनिन्, 'तर, महाभियोग लगाउने कुरा पनि व्यावहारिक छैन। यो सभामुख, उपसभामुख र अध्यक्षलाई लाग्ने हो, अरूलाई त लाग्दैन। त्यसैले अरू विकल्प के छन् हेर्रौं, विकल्पमा अझ राम्रोसँग छलफल जरुरी छ।' अनुपस्थितिलाई नियन्त्रण गर्न निर्णय प्रक्रिया मेरिटमा लैजाने विकल्पमा मन्त्री शर्माले यसलाई कानुनमा उल्लेख गर्नेभन्दा पनि संवैधानिक परिषद्बाटै कार्यान्वयनमा लैजानुपर्ने बताइन्। 'मेरिटका आधारमा नियुक्ति गर्ने परम्परा कसरी कायम गर्ने सन्दर्भमा यो राम्रो र अपनाउनुपर्ने विषय हो। तर, संविधानले गरेको व्यवस्थाभन्दा बाहिर जान पनि सकिँदैन। कानुनमा लेख्ने विषय होइन। संवैधानिक परिषद्ले नै तोक्नुपर्छ,' उनले भनिन्।

पाँच महिनापछि कोशीले पायो सभामुख

राप्रपाका विष्ट सभामुख निर्वाचित, मध्यावधिको खतरा टऱ्यो

झापामा **चिरञ्जीवी घिमिरे**



कोशी प्रदेश सभाले पाँच महिनापछि सभामुख पाएको छ। नयाँ सभामुखमा राप्रपाका अम्बरबहादुर विष्ट निर्विरोध निर्वाचित भएका छन्। संघीयता खारेजीको एजेन्डा बोक्ने पार्टी राप्रपाले प्रदेश सभाको सभामुखका लागि विष्टलाई उम्मेदवार बनाएको थियो। सभामुखमा निर्वाचित विष्टले पनि कोशी प्रदेश सभामा पटक-पटक प्रदेश खारेजीको मुद्दा उठाएका थिए।

मंगलबार भएको सभामुखको निर्वाचन प्रक्रियामा विष्टको मात्र उम्मेदवारी परेपछि उपसभामुख सिर्जना दनुवारले उनी निर्विरोध सभामुख निर्वाचित भएको घोषणा गरिन्। विष्ट राप्रपा कोशी प्रदेश संसदीय दलका नेता भक्तिप्रसाद सिटौलाको प्रस्ताव र राप्रपाका सांसद प्रेमराज थाम्सुहाङको समर्थनमा सभामुख बनेका हुन्। नवनिर्वाचित सभामुख विष्टले मंगलबार नै पद तथा गोपनीयताको शपथ लिएका छन्। उनलाई प्रदेश प्रमुख परशुराम खापुङले पथ तथा गोपनीयताको शपथ गराएका हुन्।

कोशीमा गत १६ साउनमा तत्कालीन सभामुख बाबुराम गौतमले उद्धव थापा नेतृत्वको सरकारलाई समर्थन गर्न पदबाट राजीनामा दिएपछि पद खाली थियो। प्रदेशको संसदीय अंकगणितका कारण ६ सिट रहेको राप्रपा कोशीमा निर्णयक भूमिकामा छ।

९३ सदस्यीय कोशी प्रदेश सभामा सत्तामा रहेको कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपाको ४७ सिट मात्र छ। चाहिने बहुमत मात्र रहेकाले विगतमा जस्तो प्रदेश सभामा एमालेले उपसभामुख र अन्य ज्येष्ठ सदस्य अनुपस्थिति गराउँदा सरकार संकटमा पर्ने देखेपछि गठबन्धनले लामो समयदेखि राप्रपालाई सभामुखमा ल्याउन पहल गरिरहेको थियो। एमालेको उपसभामुख सिर्जना दनुवार भएका कारण सभामुख र उपसभामुख एकै दलको हुन नहुने संवैधानिक व्यवस्था भएपछि बाध्य भएर एमाले संसदीय दलले पनि विष्टलाई नै समर्थन गर्ने निर्णय गरेको थियो। विष्ट सभामुख भएसँगै तत्काललाई कोशी प्रदेशमा संकट टरेको छ।

पाँच वर्षपछि पक्राउ परे बम्जन

काठमाडौं/ पाँच वर्षदेखि आपराधिक मुद्दा खेपिरहेका धर्मगुरु रामबहादुर बम्जनलाई प्रहरीले मंगलबार पक्राउ गरेको छ। बुढानीलकण्ठस्थित आफ्नै घरबाट उनलाई केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गरेको हो। लिटिल बुद्धका उपनामले चिनिने विवादास्पद धर्मगुरु बम्जनमाथि बलात्कार, यौन हिंसा तथा मान्छे बेपत्ता बनाएका गम्भीर उजुरी छ। सर्लाही, बारा, सिन्धुपाल्चोक तथा सिन्धुलीमा आश्रम बनाएर धर्मगुरुको आवरणमा उनले शृंखलाबद्ध अपराध गरेको प्रहरीले जनाएको छ। तर, प्रहरीले पक्राउ गर्नसकेको थिएन।

सिआइबीका डिएसपी धर्मराज भण्डारी नेतृत्वको टोलीले उनलाई पक्राउ गरेको हो। 'निरन्तरको प्रयासपछि बम्जनलाई पक्राउ गर्न सफल भएका छौं,' सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्यले भनिन्, 'उनीविरुद्ध परेका सबै जाहेरीमाथि विस्तृत अनुसन्धान हुन्छ।' उनीविरुद्ध सर्लाहीमा बलात्कारको मुद्दा अदालतमा दायर भइसकेको छ। सिन्धुपाल्चोकमा उनले आफ्ना अनुयायीलाई नै गायब बनाएकोमा सिआइबीले पाँच वर्षअघि नै पक्राउ गरेको थियो। पछिल्लो समय ०७७ असारमा प्रहरीले सिन्धुली कमलामाई- ८ स्थित बम्जनको आश्रममा छापा मारे पनि उनलाई भेटाउन सकेको थिएन। केही दिनयता निरन्तर पछ्याएको प्रहरीले उनलाई बुढानीलकण्ठमा रहेको पत्ता लगाएको हो। सो घर बम्जन आफैंले खरिद गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ। निकै गोप्य तरिकाले बसेका उनले प्रहरी पुगेलगत्तै छतबाट हामफाल्ने प्रयास गरेका थिए। राति अबेरसम्म उनको घरमा सिआइबी टोलीले खानतालासी गरेको थियो।

सिन्धुज्वाला हाइड्रो पावर लिमिटेड

Sindhujwala Hydropower Ltd.

तीनकुने, काठमाडौं

विशेष साधारणसभा सम्बन्धी सूचना

चौथो पटक सूचना प्रकाशित मिति : २०८०/०९/२५

यस सिन्धुज्वाला हाईड्रो पावर लिमिटेडको संचालक समितिको सम्बन्धमा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट मिति २०७९/०१/०२ मा जारी भएको निर्देशन अनुसार यस कम्पनीको संस्थापक प्रथम संचालक समितिले उक्त निर्देशन बमोजिम विशेष साधारणसभा बोलाई सोही निर्देशन बमोजिम संचालक समितिको निर्वाचन लगायतका कार्यहरु सम्पन्न गर्ने कानुनी दायित्व हुन आएकोले यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल गरि निर्णय गर्नुपर्ने भएकाले यहाँहरुको गरिमामय उपस्थितिको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं।

तपशिल

विशेष साधारणसभा हुने मिति, समय र स्थान :

मिति : २०८० माघ २० गते।

समय : बिहान ९:०० बजे।

स्थान : स्काइ दरबार पार्टी प्यालेस, बरगीखाना, सिंहदरबार, काठमाडौं।

प्रस्तावहरु :

१. संचालक समितिको निर्वाचन गरि वैधानिक संचालक समिति गठन गर्ने सम्बन्धमा।
२. स्वतन्त्र लेखा परिक्षक नियुक्त गरि निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
३. स्वदेशी तथा विदेशी लगानि कर्तावाट प्राप्त लगानी प्रस्ताव अनुमोदन गर्ने सम्बन्धमा।
४. विविध।

नोट :

१) निर्वाचन सम्बन्धी कार्यक्रम विशेष साधारणसभा हुनु भन्दा ७ दिन अगाडी कम्पनीको कार्यालयमा प्रकाशित गरिने छ।

२) प्रोक्सी मिति माघ १७, २०८० सम्म यस कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ।

३) शेयरधनी महानुभावहरुले आफ्नो सक्कल शेयर प्रमाणपत्र वा साधारणसभा प्रयोजनार्थ जारी प्रवेशपत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ।

४) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रतिनिधि (प्रोक्सी) कम्पनीमा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गर्न चाहेमा सोको सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको कार्यालयमा दिनु पर्नेछ।

५) विशेष साधारणसभा हुने स्थानमा सभामा सहभागी शेयरधनी महानुभावहरुको हस्ताक्षरको लागी हाजिरी पुस्तिका बिहान ७:०० बजेदेखि नै खुल्ला गरिने छ।

६) यस विशेष साधारणसभामा एजेण्डाहरु थप गर्नु पर्ने भएकाले प्राविधिक कारणले गर्दा लगानीकर्ताको समिष्टिगत मूल्यांकन गरी निर्णयमा पुग्नुपर्ने भएको हुँदा यो मिति २०८०/९/२७ गतेको विशेष साधारणसभा स्थगित गरी उपरोक्त बमोजिमको विशेष साधारणसभा गर्ने गरी मिति २०८०/१०/२० गतेका लागि सारिएको छ।

७) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

संस्थापक प्रथम संचालक समिति

सांग्रिला डेभलपमेन्ट बैंक लि.

Shangri-la Development Bank Ltd.

स्थानीय विकासको आधार

(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ

फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०९/२५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय ईटहरीबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाइ यसे सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिकी गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नामः दिपक पोल्ट्री सप्लायर्स एण्ड मासु पसल दर्ता कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, ईटहरी, सुनसरी प्रा.फ.र.नं. : ११२३४/०७९/०८० मिति २०७९/०५/१५, पान नं. ६११८३४६६५ ठेगानाः ईटहरी-१, सुनसरी **प्रोप्राइटर/जमानिकर्ताको नामः दीपक अधिकारी** बाबुको नाम : तुलसी प्रसाद अधिकारी बाजेको नामः रुद्र बहादुर अधिकारी ठेगानाः ईटहरी-१, सुनसरी ना.प्र.नं.: ०५३००५/ब.१०४-मोरङ्ग जारी मितिः २०६३/१२/१४ जारी गर्ने कार्यालयः जि.प्र.का. सुनसरी **कर्जा शिर्षक : एसएमई अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा : ईटहरी, शाखा**	**क) नामः कमला राउत अधिकारी** बाबुको नाम : टेक बहादुर राउत पतिको नामः दिपक अधिकारी ससुराको नाम : तुलसी प्रसाद अधिकारी ठेगानाः ईटहरी-१, सुनसरी ना.प्र.नं.: ०६-०१-७६-१२८५२ जारी मितिः २०७६/११/२२ जारी गर्ने कार्यालयः जि.प्र.का., सुनसरी **सुरक्षणमा रहेको धितोको विवरणः** श्री भूमिसुधार तथा मालपोत कार्यालय ईनरुवा सुनसरीमा दिपक अधिकारीको नाममा दर्ता कायम रहेको जिल्ला सुनसरी दुम्राहा वडा नं. ६/६क स्थित कि.नं. ५५५ को क्षेत्रफल २३८७.४१ वर्ग मीटरको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

Putalibazar Municipality

Office Of Municipal Executive

Gandaki Province, Syangja, Nepal

Invitation for Bid

Date of first publication: 2024-01-10 (2080/09/25 B.S.)

1. Office of the Putalibazar Municipality, invites bids from eligible and qualified bidders form the following works.

S.N.	Contract No	Description of works	Estimate Amount (Including of VAT and PS) Nrs.	Bid Purchase Amount Nrs.	Bid submission Date before	Bid security amount	Date of Bid Opening and time
1.	04/PM/NCB/ WORKS/080/81

गणतन्त्रमा गुठीको कहर

गुठी समस्याले गर्दा पुस्तौँपुस्तादेखि जमिन खनजोत गर्दै आएका किसान पनि भूमिहीन सुकुमवासी जीवन बाँच्न अभिशप्त छन्



● विश्वास नेपाली

अग्रलेख

नेपाली किसानले भोग्नुपरिरहेको जग्गासम्बन्धी समस्यामध्ये एक मुख्य समस्या गुठी जग्गाको स्वामित्व नहुनु पनि हो। पुस्तौँपुस्ता त्यही जमिनमा बसोवास गर्दै, त्यही जमिनमै गुजारा गर्दै र उत्पादन गरेर आफू, परिवार र गुठियारलाईसमेत खुवाउँदै आएका किसान लामो समयदेखि स्वामित्वको लडाइँमा छन्। किसान भन्छन्, जग्गा त हाम्रै हो, खेतीपाती गर्छौं र स्याहार-संरक्षण हामी गर्छौं। बिहानदेखि साँझसम्म खेतीपातीमै खट्छौं। हाम्रो जीविकाको मुख्य आधार त जमिन नै हो। तर, हामीसँग जग्गाको स्वामित्व छैन।

हुन पनि हो, जग्गा चाहिने त किसानलाई नै हो। गुठी त एउटा सामाजिक संस्था र परम्परा हो यसलाई त राज्य स्रोतबाट पनि चलाउन सकिन्छ। समाजबाट धेरथोर चन्दा बटुलेर पनि चलाउन सकिन्छ। कमसेकम किसानको रगत, पसिना बगेको, जीवन जोडिएको, पुस्ता बितेको जमिन त किसानलाई नै दर्ता गरी धनीपुर्जा दिनुपर्ने हो नि! यस्तो माग उठ्दै आएको पनि वर्षौं बित्यो। किसानका पटक-पटकका आन्दोलन र मागपछि सरकारले केही वर्ष पहिले गुठी विधेयकमार्फत किसानले जोतभोग गर्दै आएको जग्गाको स्वामित्व दिन खोजेको थियो। तर, त्यो पूरा हुन पाएन।

०७६ वैशाखमा तत्कालीन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले 'गुठीसम्बन्धी कानुनलाई एकीकरण र संशोधन गर्न बनेको विधेयक, २०७५' राष्ट्रिय सभामा छलफलका लागि दर्ता गराउनेबित्तिकै काठमाडौं उपत्यकामा गुठियारहरूले प्रदर्शन चर्काए। ठूलो दबाबपछि तत्कालीन सरकारले सो विधेयक फिर्ता लियो। र, त्यसयता झन्डै पाँच वर्ष बित्न लाग्दासमेत पुनः सरकारले सो विधेयक अघि बढाउने हिम्मत देखाएको छैन। किसान एवं भूमि अधिकारकर्मीहरूले विधेयक टेबुल गराउन माग गरिरहेका छन्। किसानको जग्गा किसानलाई नै दर्ता गरिदिन यो जरुरी पनि छ।

गुठी प्रथाको आफ्नै इतिहास छ। मानव समुदायमा जतिवेला अहिलेजस्तो पैसाको चलन थिएन, त्यतिवेला धार्मिक परम्परा, संस्कार र चलनलाई निरन्तरता दिन जग्गाको आयस्तालाई आधार बनाइयो। खासगरी हिन्दु परम्परागत समाजमा रहेका विभिन्न मठ, मन्दिर तथा देवलको संरक्षण, सञ्चालन र निरन्तरताका लागि गुठी परम्पराको सुरुवात गरेको पाइन्छ। गुठी परम्परा प्राचीनकालदेखि चलिआए पनि यसलाई कानुनी दायरामा भने विसं ०२१ मा गुठी संस्थान स्थापना गरी सुरु गरेको पाइन्छ। उतिवेला गुठी संस्थानमा दर्ता रहेका दुई हजार तीन सय ८५ गुठीको कुल १४ लाख २४ हजार दुई सय ८० रोपनी जग्गा रहेको विवरण पाइन्छ।

प्राचीन समयमा सबै जग्गा-जमिनमाथि मानिसको सामूहिक स्वामित्व हुन्थ्यो। आदिम साम्यवादी समाजमा जमिनमा तेरोमेरो भन्ने हुँदैनथ्यो। सबैले सोही जमिनमा काम गर्ने, उत्पादन गर्ने र जीविका चलाउने गर्थे। समुदायका ठूला काम गर्न कामअनुसार गुठी बनाइए। कुनै गुठीले कुलो बनाउने, कसैले सरसफाइ गर्ने, कसैले समुदायको रेखदेख गर्ने त कसैले बाटो बनाउने, कसैले जात्रा, मेला र पर्व मनाउने चलनको विकास हुँदै आयो। हुन त हिन्दु, बौद्धलगायत धर्मका केही परम्परालाई संरक्षण गर्ने काममा गुठीको ठूलो योगदान छ। जसलाई समाजले पनि अनुशरण गर्दै आएको छ।

समयको विकासक्रमसँगै मानिसका आवश्यकता बढ्दै गए। मानिसले सामूहिक जीवनयापनबाट व्यक्तिगत रूपमा बसोवास गर्न थाले। पारिवारिक गतिविधि हुन थाले। जमिन पनि आफ्नै निजी बनाएर राख्न थाले। सीमा बाँधेरै राख्न थालियो। आफ्नै जमिनमा खेती लगाउने र उत्पादन गरी पारिवारिक जीविकोपार्जन र आवश्यकतामा मानिस व्यस्त हुन थाले। तर, यसो हुँदा पनि कतिपय जमिनलाई सामूहिक नै हुने गरी छुट्याइयो। मेला, पर्व र जात्राजस्तो कार्यलाई निरन्तरता दिन, मन्दिर, देवालय आदि सञ्चालन गर्न अन्न संकलनका लागि केही जमिन छुट्याइयो। यस्तो जमिन कतिपय पहिलेदेखि नै किसानले खेतीपाती गर्दै आएका थिए भने कतिपयमा क्रमशः पछि किसानले खेतीपाती सुरु गरे, उत्पादनयोग्य बनाए। अधिकांशको आवास पनि त्यही जग्गामा बन्यो।

लामो समयसम्म त किसानले त्यस्तो जमिनको आयस्ता सामूहिक कार्य, जात्रापर्व र संस्कार चलाउन कुतका रूपमा मन्दिर र देवालयमा पुजारी एवं व्यवस्थापनलाई तिर्दै आए। त्यो उतिवेलाको प्रथा, परम्परा र आवश्यकता थियो। तर, आज हामी त्यो अवस्थामा छैनौं। आज, किसानले उत्पादन गरेको अन्न कुतका रूपमा नबुझाए गुठी नचल्ने अवस्था छैन।



नेपालमा विभिन्न प्रकारका गुठी छन्। राजगुठी २०८२, अमानत गुठी १०५०, छुट गुठी १०३२ र गुठीसम्बन्धी लालमोहरको संख्या ३००५ छ। उपत्यकामा मात्रै अमानत गुठी ५५७ र छुट गुठी ५५६ छन्। नापीको एक विवरणअनुसार राजगुठीमा जग्गा रैतान नम्बरी ६१,६३७ बिघा, गुठी अधिनस्थ २,२८७ बिघा र गुठी तैनाथी २,११३ बिघा छ। राजगुठीअन्तर्गत मठ, मन्दिरको संख्या सात सय १७ छन्। पाटी, पौवा र सत्तलको संख्या ६ सय ४७ छ। १ सय ५९ पोखरी पनि गुठीकै स्वामित्वमै भएका विवरण छन्।

> गुठी जमिनको आयस्तालेचल्ने कुनै मठ, मन्दिर, देवालय, जात्रा, मेला पर्व छन् भने त्यसलाई स्थानीय सरकार र समुदायले आवश्यकताअनुसार निरन्तरता दिने गरी किसानले जोतभोग गर्दै आएको जमिनको स्वामित्व नापी गरी भोगचलनका आधारमा किसानलाई नै दिनुपर्छ

गुठी संस्थान ऐन, २०३३ जारी भएपछि गुठीको जग्गा जोतभोग गरिरहेका किसानले बर्सेनि कुत बुझाएबापत तिनलाई मोहीको हक दिने व्यवस्था गरियो। त्यसपछि कतिपय किसान मोहीका रूपमा दर्ता भए तैपनि जग्गाको स्वामित्व भने गुठीकै नाममा रह्यो।

०४१ सालमा भएको गुठी ऐन संशोधनले केही टाठाबाठाले गुठीको जग्गा आफ्नो नाममा सारे। ०४१ सालदेखि ०६४ सालसम्ममा गुठी अधीनस्थ ११ लाख २४ हजार ८०० रोपनी जग्गा रैतान नम्बरी गरी व्यक्तिका नाममा नामसारी भएका विवरण छन्। तर, ग्रामीण भेगका किसानले सो जानकारी पाउन सकेनन्, उनीहरूले जोतभोग गर्दै आएको जग्गा गुठीकै नाममा रहिरह्यो। ०६४ माघ १० मा सर्वोच्च अदालतले गुठीको बाँकी जग्गा रैतान नम्बरी गर्न नपाउने फैसला गरिदियो। यसपछि त झन् गुठीको नाममा रहेको जग्गा किसानका नाममा दर्ता गर्न पूरै रोकियो।

गत मंसिर अन्तिम साता रसुवाको हाकुमा रहेको गुठीको समस्या समाधानमा सघाउन माग राखी गुठी संस्थानका त्रिपुरेश्वरस्थित कार्यालय पुग्दा त्यहाँबाट केही गर्न नसकिने जानकारी पाइयो। गुठी जग्गाको जोतभोग कुत पनि महँगो छ। गुठी संस्थान स्थापना भएको ६० वर्षसम्म न त गुठीको यकिन लगत छ, न त गुठीपीडित किसानको समस्या छिमोल्न संस्थानले कुनै भूमिका नै खेलेको छ। यस्तो मारमा देशभरका गुठीपीडित किसान परिरहेका छन्।

यसको निराकरणका लागि नेपाल सरकारले ठाउँ, गाउँ, भूगोल र किसानको अवस्थामाथि समेत ध्यान दिएर किसानले जोतभोग गर्दै आएकाको हकमा उनीहरूकै नाममा रैकर परिणत गर्ने गरी ऐनमै व्यवस्था गर्नु जरुरी छ।

गुठी समस्याले वर्षौंदेखि मानिस समस्यामा छन्, किसान भूमिहीन सुकुम्बासीसरह छन्। अहिले हामी संघीय व्यवस्थाको लोकतान्त्रिक गणतन्त्रको व्यवस्थामा छौं। हाम्रो संविधानले एकल धर्मलाई परिमार्जन गर्दै धर्म निरपेक्षतालाई अँगालेको छ। यसर्थ, अहिले हामी हिजोको जस्तो हिन्दु, बौद्ध, सिख, जैनलगायत धर्म मान्ने मात्र छैनौं। धर्ममा विविधता छ। कतिपय गुठीको जमिनमा बसोवास गर्दै किसानले पनि फरक धर्म अनुशरण गर्न थालिसके। तर, हिजोका दिनमा हिन्दुधर्मका लागि भनेर छुट्याएको चलनले थिचेको व्यवस्थाबाट किसानलाई उन्मुक्ति दिन सकिएको छैन। गुठीको मर्कामा परेका किसानको चित्कार सुनिएको छैन। उनीहरूको जग्गादर्ता गरिदिन मानिएको छैन। यो अन्याय हो। तर, अन्यायको विरोधमा बोलिदिने सरोकारवालको संख्या पनि सानो घेरामा छ।

नेपालको संविधान २०७२ को दफा- २९० मा गुठीसम्बन्धी व्यवस्थामा भनिएको छ, गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा संघीय संसद्ले आवश्यक कानुन बनाउनेछ। अनुसूची ६ को प्रदेशको अधिकार सूचीमा बुँदा २१ मा गुठी व्यवस्थापन प्रदेश सरकारको जिम्मेवारीमा छ।

नेपालको संविधानको धारा ५१, को उपधारा 'ङ' मा कृषि र भूमि सुधारसम्बन्धी नीतिगत व्यवस्थामा भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने, किसानलाई प्राथमिकता दिएर भूमि सुधार गर्नेमा जोड दिइएको छ। अनुपस्थित भूस्वामित्वलाई निरुत्साहित गर्ने, किसानको हकहित संरक्षण गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन व्यवसायीकरण गर्नेगरी भूउपयोग नीति बनाउने विषयमा जोड दिइएको छ। यस्तो व्यवस्थाले गुठीको जमिन जोतभोग गर्दै आएका किसानलाई जमिनको स्वामित्व दिनेगरी आवश्यक कानुनी व्यवस्था गर्न सरकारलाई निर्देशित गरेको छ। तर, किन हाम्रो सरकारले किसानको समस्या समाधान गर्न चाहिरहेको छैन ?

सरकारले अहिलेको परिवर्तित अवस्थालाई ध्यान दिँदै गुठी ऐनको संशोधन एवं परिमार्जन गर्नु जरुरी छ। जरुरी हुन्छ भने काठमाडौं उपत्यकालगायत विशेष ठाउँको गुठीको सन्दर्भमा फरक कानुन बनाएर त्यसको संरक्षण गर्न पनि राज्यले उचित कदम चालोस्। तर, जो किसानको जीविका र आवास नै त्यही जमिनसँग जोडिएको छ, पुस्तौँपुस्ता बितेको छ, उनीहरूका लागि जग्गा रैकरी गरी यस्तो समस्याबाट मुक्ति दिनैपर्छ। अतः ऐनमा गुठीको जमिनको आयास्तालेचल्ने कुनै मठ, मन्दिर, देवालय, जात्रा, मेला पर्व छन् भने त्यसलाई स्थानीय सरकार र समुदायले आवश्यकताअनुसार निरन्तरता दिने गरी किसानले जोतभोग गर्दै आएको जमिनको स्वामित्व नापी गरी भोगचलनका आधारमा किसानलाई नै दिँदा उनीहरूमाथि ठूलो न्याय हुनेछ।

---

३ प्रश्न

समाजशास्त्री **डा. गणेश गुरुङ**लाई



एक वर्षमै स्थायी बसोवास गर्ने गरी ७१ हजार नेपाली बिदेसिनुले के संकेत गर्छ ?

नेपाली समाजमा चरम निराशा छ। सरकारले देशमै सम्भावना छ, काम र मामको खोजीमा कसैले पनि बिदेसिनुपर्दैन भन्ने आशा जगाउन सकेको छैन। जनताले देशभित्र भविष्य देख्न सकिरहेका छैनन्। बिदेसिन पाउनेजति सबै भाग्यमानी हुन् भन्ने भाष्य स्थापित हुँदै गएको छ। जसले गर्दा काम गर्न सक्नेजति बिदेसिने र नसक्नेजति मात्र यता अड्किने अवस्था आइरहेको छ।

नेपाली समाजमा यसको दूरगामी प्रभाव कस्तो हुन सक्छ ?

वैदेशिक रोजगारीमा खाडी, मलेसिया, कोरिया या जापान जस्ता देशमा जानेले आफ्नो शतप्रतिशत कमाइ देशभित्रै पठाउँछन्। यसले देशको अर्थतन्त्र चलायमान गराउँछ। तर, उतै बसोबास गर्नेगरी ग्रिनकार्ड या अन्य कुनै सुविधा पाएर गएकाहरूले सेटल भएपछि आफूनिकट आफन्तलाई पनि उतै तान्छन्। नेपालमा छँदा आफ्नो भविष्य नदेख्नेले उता पैसा कमाएपछि नेपालमा सो पैसाको भविष्य देख्न छाड्छन्। त्यसैले, तिनले आफ्नो पैतृक सम्पत्तिसमेत बेचबिखन गरी कुनै न कुनै माध्यमबाट उतै लान्छन्। यसले गर्दा देशको जनशक्ति मात्र होइन, पुँजीसमेत पलायन हुन्छ।

यसलाई रोक्ने कुनै विधि या उपाय हुँदैन ?

सबैभन्दा पहिले तिनमा आशा जगाउन सक्नुपर्छ। यसका लागि सबैभन्दा पहिले राज्यले शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी गर्न सक्नुपर्छ। विदेश गएर फर्केकाहरूलाई उता कमाएको सानोतिनो पुँजीबाट यतै व्यवसाय गर्न राज्यले सहजीकरण गरिदिनुपर्छ। दुई छिमेकी मुलुकलाई हेरेर तुलनात्मक लाभ हुने कृषि क्षेत्र पहिचान गरी त्यसमा युवालाई आकर्षित गर्न सक्नुपर्छ।

प्रेरक प्रसंग

माटोको प्रेरणा

त्यतिवेला भारतमा स्वतन्त्रता संग्रामको आगो दन्किरहेको थियो। स्वतन्त्रता संग्रामकै दौरान जब जलियानवाला बागमा जनरल डायरले हजारौं निर्दोष भारतीयमाथि गोली बर्साएका थिए। उनको आक्रमणबाट मारिने निर्दोष सर्वसाधारणको रगतले त्यहाँको धर्ती पूरै लतपतिएको थियो। त्यो संग्रामलाई एक बालकले पनि नजिकबाट नियालिरहेका थिए। उनी अंग्रेजको कुनै पनि अत्याचार सहन सक्दैनथे। उनी हरहमेसा स्वतन्त्रताबारे सोचिरहेका हुन्थे। त्यतिवेला भगतसिंहको उमेर केवल १२ वर्षको थियो।



जलियनवाला बागमा नरसंहार भएको अर्को दिन भगतसिंह घरबाट स्कुल जानका लागि हिँडे। तर, उनी स्कुल गएनन्। उनी सीधै जलियानवाला बागमा पुगे। त्यहाँको धर्ती सहिदहरूको रगतले अझैसम्म रातो थियो। त्यो सब देखेपछि उनी त्यहीं थचक्क बसे। एकैछिनमा उनी एउटा सिसीमा रगतमा लतपतिएको माटो भर्न थाले। माटो भरेर सिसी गोजीमा राखेपछि उनी घन्टौं त्यहीं बसेर के-के सोचिरहे। जब उनको ध्यान भंग भयो, तब साँझ परिसकेको थियो। स्कुलमा पहिल्यै छुट्टी भइसकेको थियो। जब उनी ढिलो घर पुगे, तब उनकी दिदीले सोधिन्, 'बाबु, तिमी किन यति ढिलो घर आएको ? तिम्रो स्कुल त अघि नै छुट्टी भएको थियो होइन र ?' 'हो दिदी ! तर, म त आज स्कुल नै गइनँ। म त जलियानवाला बाग गएको थिएँ।' दिदीलाई यति भनेर उनले गोजीबाट त्यो सिसी निकाले।

उनको गोजीबाट निस्केको सिसी देखेपछि दिदीले प्रश्न गरिन्, 'त्यो सिसीमा के छ बाबु ? रातोरातो पनि देखिन्छ।' 'यो हाम्रो देशका सहिदको रगतले भिजेको माटो हो दिदी !' भगतसिंहले जवाफ दिए। 'रगतले भिजेको माटो रे ! यो किन ल्याएको त तिमीले ? अनि यसले के हुन्छ ?' दिदीले फेरि प्रश्न गरिन्। भगतसिंहले सिसी बलियो गरी समाउँदै दृढतापूर्वक भने, 'दिदी, यसबाट मलाई देशका लागि लड्ने प्रेरणा प्राप्त हुन्छ।' अन्ततः त्यही प्रेरणाको परिणामस्वरूप पनि उनी हाँसीहाँसी मातृभूमिका लागि सहिद भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

किन मनाउने एकता दिवस ?

नेपालमा छरिएर रहेका ससाना बाइसे र चौबीसे राज्यलाई एकीकरण गरी विशाल नेपाल निर्माणको बलियो जग पृथ्वीनारायण शाहले नै बसाएका हुन्। त्यसैले गर्दा एकताको प्रतीकका रूपमा उनी सदासर्वदा नेपाली जनताको हृदयमा रहिरहनेमा शंका छैन। त्यसैले, उनको जन्मदिन २७ पुसलाई आमनेपालीले लोकतन्त्र गणतन्त्रसम्म आइपुग्दा पनि राष्ट्रिय एकता दिवसका रूपमा मनाउँदै आएका छन्। 'घुस लिन्या र घुस दिन्या दुवै राज्यका शत्रु हुन्' भन्ने भ्रष्टाचारविरोधी उनका उक्ति आजका दिनमा झनै सान्दर्भिक भएर गएका छन्। आज जतातै भ्रष्टाचार र भ्रष्टाचारी भेटिन थालेको अवस्थामा उनको उक्तिको मनन मात्र गर्ने हो भने पनि यो देशबाट भ्रष्टाचार निमिट्यान्न हुन सक्छ। त्यसैले उनको जन्मदिन राष्ट्रिय एकता दिवसका रूपमा भव्यतापूर्वक मनाऔं।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

राज्यले देख्दैन यो तथ्यांक ?

एक वर्षमा स्थायी बसोवास गर्ने गरी ७१ हजार नेपाली बिदेसिएको समाचार पढ्दा डर लाग्यो। अहिले नै हाम्रा गाउँघर युवाविहीन बनिसकेका छन्। अहिले गाउँघर रुँगेर बसेका वृद्ध पुस्ताको शेषपछि गाउँघरमा बस्ने मानिस सम्भवतः निखिनेछन्। यस्तोमा हरेक वर्ष ७१ हजारभन्दा बढी नेपाली स्थायी बसोवास गर्ने गरी विदेश जान थाले भने यसले समाजमा निकै गहिरो असर पार्न सक्छ। के यो डरलाग्दो तथ्यांक हाम्रो राज्यले चाहिँ देख्दैन हो ?

● **भूमिका मिश्र**
सीतापाइला, काठमाडौं

समयमै सचेत बनौं

नेपालमा पनि कोभिडको नयाँ भेरियन्ट जेएन वान भेटिएको समाचार पढ्दा एकपटक फेरि झन्डै पाँच वर्षअघिको त्रासदीको सम्झना भयो। त्यतिखेर पनि नेपालमा कोभिड आइपुग्दैन र आइहाले पनि खासै असर गर्दैन जस्तो गरिँदै थियो। ठूला र जिम्मेवार पदमा रहेका नेतृत्वले बेसारपानी पिएर र अम्बाका पात चपाएर कोभिड पचाइदिने गफ दिँदै थिए। त्यसैले, अहिले कुनै गफको विश्वास नगरी समयमै सचेत र सतर्क बनौं, कोभिडबाट सबैलाई जोगाऔं।

● **बद्री महर्जन**
बाफल, काठमाडौं

शेख हसिनाको जितको अर्थ

२३ पुसको नयाँ पत्रिकामा अली नेयाजको 'एकतर्फी चुनाव र बंगलादेशको भविष्य' शीर्षकको लेख पढेपछि केही टिप्पणी गर्न मन लाग्यो। लेखक नेयाजको आरोप छ कि अब शेख हसिना तानाशाह बन्नेछिन्, युरोप र अमेरिकाले बंगलादेशमाथि प्रतिबन्ध लगाउन सक्छन्। तर, उनले यो भनेका छैनन् कि युरोप र अमेरिकाको प्रतिबन्ध पनि तानाशाहीकै प्रमाण हुनेछ। कमसेकम मलाई त त्यस्तै लाग्छ। यही तानाशाहीको आरोप मोदीमाथि पनि लगाइन्छ। के भारतमा मुस्लिमको साथ नदिनु र बंगलादेशमा शेख हसिनाद्वारा हिन्दूको साथ दिनु दुवै तानाशाहीको प्रमाण हो ? बंगलादेश स्वतन्त्र भएको बिपीलाई पनि ठीक लागेको थिएन। के आज पनि त्यो प्रश्न अनुत्तरित नै छ त ? शेख मुजिवको वंशनाश गरेर सत्ता हात पार्नेहरू तानाशाह थिए कि संयोगले जोगिएकै शेख हसिना ? धेरै अप्ठ्यारो छ यस प्रश्नको उत्तर।

पाकिस्तान त प्रजातन्त्र भन्दाभन्दै कुन बाटो हिँडिरहेको छ, त्यो प्रस्ट छ। के बिएनपी आएर बंगलादेशलाई पनि सोही बाटो हिँडाएपछि मात्र त्यहाँ प्रजातन्त्र हुने हो ? आतंकवाद निर्मूल हुन्छ भने तानाशाहलाई पनि स्विकार्न सकिन्छ। अहिलेको बंगलादेशमा सोही दुईमध्ये एक विकल्पको छनोट भइरहेको छ। चाहे भोट ४० प्रतिशत मात्र नै किन नखसोस् !

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

लोकतन्त्र सुदृढीकरणमा ब्राजिलको अनुभव

लोकतन्त्रले जनतालाई समृद्ध बनाउन नसकेपछि अतिवादीहरूले राजनीतिक प्रक्रिया अवमूल्यन गर्ने र सार्वजनिक संस्थामाथि अविश्वासको बिउ रोप्ने प्रयास गर्छन्



देश / विदेश

● लुइज इनासियो लुला दा सिल्भा

यही ८ जनवरीमा ब्राजिलले लोकतन्त्रमाथि मडारिएको खतरालाई निमिट्यान्न गर्ने सामर्थ्य देखाएको एक वर्ष पुगेको छ। नवनिर्वाचित सरकारले जिम्मेवारी सुरु गरेको हप्ता दिन नबित्दै अतिवादी समूहले ब्राजिल गणतन्त्रको तीन शक्ति स्तम्भको मुख्यालयमा अतिक्रमण गरेको थियो। झुट र दूराशययुक्त सूचनाको लहलहैमा लागेर ती अतिवादीले भवनको ढोका र ऐतिहासिक एवं कलात्मक वस्तुमा क्षति पुऱ्याए। अतिवादी समूहले आफ्ना विध्वंशात्मक अतिक्रमणलाई इन्टरनेटमा समेत प्रदर्शन गरे। ६ जनवरी २०२१ मा अमेरिकी काग्रेस भवन युएस क्यापिटोलमा भएको हमलाको झल्को दिने गरी अतिवादीले गरेको अतिक्रमणले लोकतन्त्रको अवमूल्यन गरेको थियो। भाग्यवश यो 'कु' प्रयास असफल भयो। ब्राजिलको समाजले यो अतिक्रमणलाई अस्वीकार गऱ्यो। गत वर्ष राष्ट्रिय काग्रेस, संघीय सर्वोच्च अदालत र कार्यपालिकाले सत्यतथ्य उजागर गर्न र अतिक्रमणकारीलाई कानुनी दायरामा ल्याउन यथासम्भव प्रयास गऱ्यो। यो कु प्रयास लोकतन्त्रलाई लामो समयदेखि व्यक्तिगत लाभका लागि अवमूल्यन गर्दै आएका मुलुकका अतिवादी नेताका गतिविधिको परिणाम हो। ब्राजिलको अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त निर्वाचन प्रणालीमाथि प्रश्न तेनैले गरिरहेका थिए जो कुनै वेला यही प्रणालीबाट निर्वाचित भएका थिए। अमेरिकी निर्वाचन अस्वीकार गर्नेले जसरी मेल-इन भोटिङमा प्रश्न उठाए, त्यसरी नै यिनले प्रमाणविनै ब्राजिलको विद्युतीय मतदान यन्त्रमाथि प्रश्न उठाए। यो झुटो दाबीको उद्देश्य भनेकै लोकतन्त्रको अवमूल्यन गर्दै अधिनायकवादी शैलीबाट सत्ता हत्याउनु थियो। यसका बाबजुद ब्राजिलमा लोकतन्त्र कायम रह्यो र बलियो बन्यो।

१२ वर्षपछि राष्ट्रपतिमा पुनर्निर्वाचित भएपछि मुलुकको एकता एवं सफल सार्वजनिक नीतिको पुनर्निर्माण मेरो नेतृत्वको उद्देश्य रहँदै आएको छ। सरकारले जनताको जीवनलाई उत्थान गर्नु भनेकै लोकतन्त्रमाथि हमला गर्नेप्रति दिइने सशक्त जवाफ हो। अघिल्लो सरकारका पालामा अमेजन क्षेत्रमा बढिरहेको वनविनाश सन् २०२३ मा हाम्रो सरकार आएयता ५० प्रतिशतले घटेको छ। हामीले आफ्ना सन्तानलाई खोप लगाउने र विद्यालय पठाउने महिलाको आम्दानीको प्रत्याभूति गर्ने 'बोल्सा फेमिलिया'जस्ता गरिबी निवारण नीतिलाई ब्युँताएका छौं। सन् २०२३ मा अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमानभन्दा तीनगुणा बढीले हाम्रो अर्थतन्त्रमा वृद्धि भएको छ। अहिले हामी आर्थिक सहयोग एवं विकास संगठन (ओइसिडी)का अनुसार प्रत्यक्ष वैदेशिक लगानीका लागि विश्वकै दोस्रोअनुकूल मुलुक बनेका छौं। लोकतान्त्रिक मान्यतामा प्रतिबद्ध हुँदै ब्राजिल अन्तर्राष्ट्रिय परिदृश्यमा जलवायु परिवर्तनलाई अस्वीकार गर्ने स्थितिबाट माथि उठेको छ। हामीले कोभिड- १९ मा लाखौंको ज्यान जानुमा जिम्मेवार यसअघिको सरकारको विज्ञानलाई बेवास्ता गर्ने नीतिलाई पनि त्यागेका छौं। आज विश्वले विरोधाभासी क्षणको सामना गरिरहेको छ। वैश्विक चुनौतीको निवारण गर्न मुलुकहरूबीच प्रतिबद्धता एवं सहकार्य आवश्यक छ। तर, हामीले संवाद अगाडि बढाउने, भिन्न मतलाई स्वीकार गर्ने र संयुक्त पहलकदमी लिने मामिलामा दिनानुदिन अप्ठ्यारा व्यहोरिरहेका छौं। समाजलाई व्यक्तिवादले खाइरहेको छ भने मुलुकहरू एक-अर्काबाट अलग हुँदै गएका छन्। नतिजा, विश्वशान्तिलाई प्रोत्साहन गर्न सकिएको छैन र हामीले जलवायु, खाद्य एवं ऊर्जा संकट, भूराजनीतिक तनाव एवं युद्ध, बढ्दो द्वेषी अभिव्यक्ति एवं जातिद्वेषजस्ता जटिल समस्या व्यहोर्नुपरिरहेको छ। यी समस्याले विश्वभरका मुलुकबीच र मुलुकभित्रको असमानतालाई मलजल गरिरहेका छन्।



तस्बिर : सेर्जिओ लिमा/एएफपी

हालैका दशकमा मुट्ठीभरका मानिसलाई पोस्ने आर्थिक विकासले आम्दानीलाई एकत्रित गरेको छ, निराशालाई प्रोत्साहन गरेको छ, मजदुरको अधिकारलाई कुण्ठित गरेको छ र सार्वजनिक संस्थाप्रतिको अविश्वास बढाएको छ। असमानताले अतिवाद एवं राजनीतिक ध्रुवीकरणलाई मलजल गर्छ। जब लोकतन्त्रले जनताको जीवनलाई समृद्ध बनाउन सक्दैन तब अतिवादीहरूले राजनीतिक प्रक्रिया अवमूल्यन गर्ने र सार्वजनिक संस्थामाथि अविश्वासको बिउ रोप्ने प्रयास गर्छन्। लोकतन्त्रको क्षयीकरणलाई मानिसका समाचारका स्रोत एवं सामाजिक संवादलाई मञ्च प्रदान गर्ने डिजिटल एप्लिकेसनले थप क्षयीकरण गरेको छ। यी डिजिटल एप्लिकेसन लोकतान्त्रिक सहअस्तित्वका लागि नभई नाफा कमाउने उद्देश्यले बनेका हुन्। ठूला प्रविधि कम्पनीको व्यापारिक मोडेलले प्रयोगकर्ताको संलग्नता र ध्यान खिच्ने नाममा भडकाउ सामग्री र अतिवादी संकथनलाई प्रोत्साहन गर्छ। यसले विश्वव्यापी रूपमा जोडिएको लोकतन्त्रविरोधी शक्तिलाई फाइदा पुऱ्याउँछ। यसमाथि आर्टिफिसियल इन्टेलिजेन्स (एआई)ले पनि थप नकारात्मक भूमिका खेलेको छ। मिथ्या सूचनालाई बल पुऱ्याउनुका अलावा एआईले विभेदलाई प्रोत्साहन गरिरहेको छ, बेरोजगारी बढाइरहेको छ र मानिसको अधिकार मिचिरहेको छ।

यी प्राविधिक, सामाजिक र राजनीतिक मामिला एकै ठाउँमा जोडिएका छन्। लोकतन्त्रलाई बलियो बनाउन राज्यले संरचनागत असमानतालाई सम्बोधन र जनताको जीवन समृद्ध बनाउनुबाहेक अतिवादलाई मलजल गर्ने कारकको सामना गर्न सक्नुपर्छ। आगामी दिनमा ६ र ८ जनवरीका जस्ता कु प्रयास रोक्न असमानताको यथार्थ र अनिश्चित रोजगारीको अवस्थामा रूपान्तरण ल्याउन सक्नुपर्छ। यसका लागि अन्तर्राष्ट्रिय श्रमिक संगठनको सौजन्यमा म र अमेरिकी राष्ट्रपति जो बाइडेनले उचित रोजगारीको प्रोत्साहनका लागि साझेदारी कार्यक्रम अघि सारेका छौं। हामीलाई समावेशिता र मानवतालाई फाइदा हुने ढंगले सत्य सूचना र एआईको विकास एवं प्रयोग सुनिश्चित गर्ने विश्वव्यापी पहलकदमी आवश्यक छ। राष्ट्रसंघ, युनेस्को र अन्य अन्तर्राष्ट्रिय संस्थाले यसमा काम गरिरहेका छन्। गत महिना ब्राजिलले जी-२० को अध्यक्षता ग्रहण गरेको छ। 'न्यायपूर्ण विश्व र दिगो ग्रह निर्माण'को मर्म बोकेर ब्राजिल विभिन्न प्रकारका असमानताविरुद्ध लड्न प्रतिबद्ध छ। विश्वका राजनीतिक नेता यो वर्ष ब्राजिलमा भेला भएर विश्वव्यापी चुनौतीको समाधान खोज्नेछन् भन्नेमा म आशावादी छु।

(लुला ब्राजिलका राष्ट्रपति हुन्)
द वासिङटन पोस्टबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

फ्रान्समा ३४ वर्षका युवा बने प्रधानमन्त्री



पेरिस/ ३४ वर्षीय गेब्रियल याटाल फ्रान्सको नयाँ प्रधानमन्त्री बनेका छन् । राष्ट्रपति इमानुएल म्याक्रोंले मंगलबार नयाँ सरकारको प्रमुखको रुपमा याटालको नाम घोषणा गरेका हुन् । याटाल आधुनिक फ्रान्सेली इतिहासमा सबैभन्दा कान्छो प्रधानमन्त्री हुनेछन् । यसअघि समाजवादी लरेन्ट फाबियस सन् १९८४ मा ३७ वर्षको उमेरमा प्रधानमन्त्री भएका थिए ।

उनी एलिजाबेथ बोर्नको उत्तराधिकारी बन्ने भएका हुन् । बोर्नले आफ्नो कार्यकालको २० महिनापछि राजीनामा दिएकी थिइन् । त्यो अवधिभर संसद्मा बहुमत नहुँदा उनले निकै संघर्ष गर्नुपऱ्यो । हाल शिक्षामन्त्री रहेका याटालले सरकारमा आकर्षक नियुक्ति गर्ने विश्वास गरिएको छ । उनले अब जुनमा हुने महत्त्वपूर्ण युरोपेली संसदीय चुनावमा फ्रान्सेली सरकारको नेतृत्व गर्ने जिम्मेवारी पाउनेछन् । उनको उदय द्रुत गतिमा भएको छ । दश वर्षअघि उनी स्वास्थ्य मन्त्रालयमा प्रस्ट भूमिका नभएका एक सल्लाहकार र समाजवादी कार्यकर्ता मात्र थिए ।

उनी प्रधानमन्त्री कार्यालय सम्हाल्ने देशको पहिलो समलिंगी व्यक्ति पनि हुनेछन् । भाषण र बहसमा पोख्त उनको कलाले राष्ट्रपति इम्यानुअल म्याक्रोंको सजिलै ध्यानाकर्षण गरेको थियो । उनी २९ वर्षको उमेरमा सरकारका सबैभन्दा कम उमेरका मन्त्री बनेका थिए । त्यति वेला उनी कनिष्ठ शिक्षामन्त्री बनेका थिए । सन् २०२० देखि उनी सरकारका प्रवक्ता भए । राष्ट्रपति म्याक्रोँ पुनः निर्वाचित भएपछि उनी छोटो समयका लागि बजेटमन्त्री थिए र त्यसपछि गत जुलाईमा शिक्षामन्त्रीको जिम्मेवारी पाए । उनी म्याक्रोँ सरकारको सबैभन्दा प्रशंसनीय पात्र रहेका विभिन्न मत सर्वेक्षणले देखाएका छन् ।

याटालका सामु प्रशस्त चुनौती देखिन्छन्, जसरी उनका पूर्ववर्ती एलिजाबेथ बोर्नले सामना गरिन् । तिनमा मुख्यत कट्टर दक्षिणपन्थी विपक्षी (जसको लोकप्रियता बढिरहेको छ), संसद्मा बहुमत नभएकाले नयाँ कानुन बनाउन आइपर्ने कठिनाइ र दोस्रो कार्यकालमा आफूले के हासिल गर्न चाहेको परिभाषित गर्न असमर्थ राष्ट्रपति । त्यसबाहेक पनि नयाँ प्रधानमन्त्रीका आफ्नै राजनीतिक चुनौती पनि छन् । विशेषतः गेराल्ड डार्मानिन र ब्रुनो ले माइरेजस्ता हेभिवेटहरूमाथ आफ्नो शक्ति स्थापित गर्नु उनलाई कठिन हुन सक्छ । तथापी उनी स्वयं प्रतिभाशाली र क्षमतावान् रहेको विपक्षीसमेत स्विकार्छन् । नेसनल एसेम्ब्लीमा उनलाई धेरैले रुचाउँछन् ।

यो परिवर्तन पेरिसमा हुन लागेको ओलम्पिक खेल र युरोपेली संघको संसद्को निर्वाचनअघि भएकाले महत्त्वका साथ हेरिएको छ । सो चुनावमा म्याक्रोंको मध्यमार्गी दलको उग्र दक्षिणपन्थी नेतृ मरिन ले पेनको दलसँग टक्कर हुँदै छ । म्याक्रोंले आफ्नो राष्ट्रपति पदको अन्तिम तीन वर्ष उनको टिमलाई सुदृढ गर्न खोजिरहेको सन्दर्भमा पछिल्लो परिवर्तन भएको विश्लेषण गरिँदै छ । याटाल बोर्नको सरकारमा शिक्षा मन्त्रालय सम्हालिरहेका थिए, जसको कामले उनी अघिल्लो सरकारमा सबैभन्दा लोकप्रिय मन्त्री रहेका थिए । सोमबार बोर्नले राजीनामा दिएपछि याटालको नियुक्तिको अपेक्षा गरिएको थियो । जुनमा हुने युरोपेली निर्वाचन र त्यसपछि सन् २०२७ मा हुने राष्ट्रपति निर्वाचनमा उग्र दक्षिणपन्थीसँग म्याक्रोनको मध्यमार्गी शक्तिहरूको जित सुनिश्चित गर्नु याटालको सबैभन्दा महत्त्वपूर्ण काम हुनेछ ।

याटालको अधिक लडाकु शैली उहाँका पूर्ववर्ती बोर्नको विपरीत हुने सम्भावना छ । कम उमेरमा उच्च पद हासिल गरेपछि याटालको तुलना उनका राजनीतिक गुरु तथा वर्तमान राष्ट्रपति म्याक्रोंसँग तुलना हुन थालेको छ । राष्ट्रपति म्याक्रोँ ३९ वर्षको उमेरमा सबैभन्दा कम उमेरमा फ्रान्सको राष्ट्रपति बनेका थिए ।

फ्रान्सेली सञ्चारमाध्यमले सन् २०२७ मा म्याक्रोंको कार्यकालको सीमा नाघ्दा याटालले एलिसी प्यालेसमा उनको स्थान लिन सक्ने अनुमान गरेका छन् । सेप्टेम्बरमा फ्रान्सेली साप्ताहिक पोइन्टले एक समाचारको शीर्षक नै राखेको थियो, 'ग्याब्रिएल एटल, नयाँ म्याक्रोँ ?' आफ्नो सापेक्ष न्यून राजनीतिक अनुभवका बाबजुद याटालले दृढ र निर्णायक व्यक्तिका रूपमा ख्याति कमाइसकेका छन् । गत साता प्रकाशित ओडोक्सा सर्वेक्षणअनुसार याटाल सरकारमा सबैभन्दा लोकप्रिय व्यक्ति थिए । एकतिहाइभन्दा धेरै फ्रान्सेली नागरिकले प्रधानमन्त्रीका रूपमा उनको नियुक्तिलाई समर्थन गरेका छन् ।

- एजेन्सी

बंगलादेशको चुनाव निष्पक्ष नभएको ठहर

वासिंटन डिसी/ संयुक्त राज्य अमेरिकाले आइतबार सम्पन्न बंगलादेशको आमचुनाव स्वतन्त्र र निष्पक्ष नभएको धारणा व्यक्त गरेको छ । अमेरिकाले चुनावमा सबै दलले भाग नलिएको विषयमा दुःखसमेत व्यक्त गरेको छ । आइतबार सम्पन्न चुनावमा बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाको दल अवामी लिगले विपक्षीले बहिष्कार गरेको चुनावमा बहुमत हासिल गरेको छ । योसँगै हसिनाको चौथो कार्यकालको बाटो खुलेको छ । चुनावलाई बंगलादेश नेसनलिस्ट पार्टी(बिएनपी)को अगुवाइमा प्रमुख विपक्षी दलहरूले बहिष्कार गरेका थिए ।

अमेरिकाको विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै पर्यवेक्षकले चुनाव स्वतन्त्र तथा निष्पक्ष नपाएको भन्दै गहिरो खेद व्यक्त गरेको छ । अमेरिकाले राजनीतिक गिरफ्तारी तथा अनियमितताका साथै निर्वाचनको समयमा भएको हिंसाको पनि निन्दा गरेको छ । अमेरिकाले बंगलादेशी सरकारलाई हिंसाको छानबिनका लागि आग्रह गरेको छ । यसैगरी अमेरिका स्वतन्त्र र खुला इन्डो-प्यासिफिकको साझा दृष्टिकोणलाई अगाडि बढाउन बंगलादेशसँग साझेदारी गर्न प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख गरेको छ ।

काठमाडौं, पोखरा, बिराटनगर, माडी, ठोरी, बारा लगाएत अन्य बिभिन्न शहरहरुमा रु. दश लाख देखि होमइस्टे र घडेरीहरुमा लगानीको लागी, इच्छुक लगानी कर्ताहरु सम्पर्क गर्न हुन अनुरोध गर्दछौं । गंगबु, गणेश मन्दिर नजिकै
१३ आना क्षेत्रफलमा, ५ आनामा बनेको घर बिक्रिमा ।
सम्पर्क नं: ९८४१३६२६१३
स्थलगत भ्रमणमा जाने आउने कम्पनीको खर्चमा गरिने जानकारी गराउँदछौं ।

मोटरसाइकल हरायो

मिति २०८०/९/१२ गते अन्दाजी दिउँसो ३ बजेदेखि साँझ ५ बजेको समयमा का.जि. तारकेश्वर न.पा. बाइपास चोकबाट पार्किङ गरेको बेला मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।
नाम : विकास राजवाहक (पुट्टवार)
मो.सा.नं.: बा प्र. ०४५-प ५०९५
चेसिस नं. : MD2A13EX9NCM83156
इन्जिन नं. : DKXCNM37489
सम्पर्क न. : 9803636789/9803264689

फ्ल्याट भाडामा

महालक्ष्मीस्थान, सातदोबाटो रिङरोडमा १५ आनामा ५३०० वर्गफिट हरेक तल्ला, दुबैपट्टि शिशै शिशाले बनेको व्यापारिक भवन लिफ्ट र अन्डरग्राउण्ड पार्किङ सुविधा सम्पन्न भवनका चार वटा तल्ला सस्तो मुल्यमा । ३३६०-४७०० वर्गफिट (नेट) सम्मका तल्लाहरु आधापनि दिन सकिने । अफर मुल्य ५०-१०० हाल ८५-९५ वर्गफिट
सम्पर्क : २७४९४२०६१३


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७०६७५

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान


यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल


क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, मनिकापुर गा.वि.स. वडा नं. ०६ (हाल नेपालगंज उ.म.न.पा. वडा नं. २०) स्थित कित्ता नं. ७६१ को क्षेत्रफल ४२३.२५ (व.मि) को जग्गा ।
२.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय ईलामको लगतमा दर्ता कायम रहेको ईलाम जिल्ला, आइतबारे गा.वि.स. वडा नं. २क (हाल सुर्योदय न.पा. वडा नं. ११) स्थित कित्ता नं. ११८ को क्षेत्रफल ५-५-३-० (रोपनी) को घरजग्गा ।
३.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. ४ (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ७८४ र ७६४ को क्षेत्रफल क्रमशः ३८०.९७ र ६७७.१७ (ब.मी.) को घर/जग्गा ।
४.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. ८ख (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ५३ को क्षेत्रफल ६२६.३८ (ब.मी.) को घर/जग्गा ।
५.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ७ क (हाल लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. ७) स्थित कित्ता नं. १४० को क्षेत्रफल ३२१.६७ (ब.मी.) को जग्गा ।
६.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. १क (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ५८५, ५४३, ५४१, ६३४, ६३५, ५८३, ६५२ र १६२ को क्षेत्रफल क्रमशः १५६.६२, १७३.५५, ३४२.८७, ४६५.६३, ३४७.११, २१.१६, १२०२.१२ र ३३८.५८ (ब.मी.) को घर/जग्गा ।
७.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. ७क (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. १११७ को क्षेत्रफल ३३०.१७ (ब.मी.) को घर/जग्गा ।
८.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, वगाहा गा.वि.स. वडा नं. १क (हाल रोहिणी गा.पा. वडा नं. १) स्थित कित्ता नं. ३१७ र ६१० को क्षेत्रफल क्रमशः २४५४.७३ र ८८८.९३ (ब.मी.) को घर/जग्गा ।
९.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. ९ख (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ११०१ को क्षेत्रफल १२०२.१७ (ब.मी.) को घर/जग्गा ।
१०.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, वगाहा गा.वि.स. वडा नं. ८ख (हाल रोहिणी गा.पा. वडा नं. १) स्थित कित्ता नं. ३१५ र १००६ को क्षेत्रफल क्रमशः ६२६.४८ र ६०१.०९ (ब.मी.) को घर/जग्गा ।
११.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, वगाहा गा.वि.स. वडा नं. ८ख (हाल रोहिणी गा.पा. वडा नं. १) स्थित कित्ता नं. १०३७ को क्षेत्रफल २०१४.९१ (ब.मी.) को घर/जग्गा ।
१२.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. १क (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ६२०, ५६९, ३५८, ३५६ र ६१८ को क्षेत्रफल क्रमशः ६७७.१७, ९३.९३, ६७.७२, १४२२.०५ र १२६.९९ (ब.मी.) को घर/जग्गा ।
१३.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, वगाहा गा.वि.स. वडा नं. ८ख (हाल रोहिणी गा.पा. वडा नं. १) स्थित कित्ता नं. ६१ को क्षेत्रफल ३२९.७१ (ब.मी.) को घर/जग्गा ।
१४.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ५ (हाल लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३४६ र ३४४ को क्षेत्रफल क्रमशः ५५८.७२ र ७५८.८४ (ब.मी.) को जग्गा ।
१५.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. २५० को क्षेत्रफल ७११.०७ (ब.मी.) को घर/जग्गा ।
१६.	यस बैंकको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १० (हाल वीरगंज म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. २२२ को क्षेत्रफल ७४.८० (व.मि) को घरजग्गा ।
१७.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, बतरा गा.वि.स. वडा नं. ७ (हाल फेटा गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ४७४ को क्षेत्रफल १-०-० (विगाह) को जग्गा।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ५ (हाल फेटा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. २९८, ७६, ३०१, ७७ र ७८ को क्षेत्रफल क्रमश : ०-४-८-८, ०-१-५, ०-०-६-८, ०-१-५ र ०-१-०(विगाह) को जग्गा ।
१९.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ३ (हाल फेटा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ५६२, ५४८, ५२२ र ५०४ को क्षेत्रफल क्रमश :०-०-८, ०-०-८, ०-०-८ र ०-१-१६-८ (विगाह) को जग्गा ।
२०.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ३ (हाल फेटा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १५० को क्षेत्रफल ०-०-१४ (विगाह) को जग्गा।
२१.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ३ (हाल फेटा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ६१९ को क्षेत्रफल ०-८-१२ (विगाह) को जग्गा ।
२२.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ४ (हाल फेटा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ७५७ र ७५९ को क्षेत्रफल क्रमश : ०-०-८-५ र ०-१-०-८ (विगाह) को जग्गा ।
२३.	यस बैंकको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, तिनथाना गा.वि.स. वडा नं. ७ (हाल चन्द्रागिरी न.पा. वडा नं. १५) स्थित कित्ता नं. ९५६ को क्षेत्रफल ०-३-१-२ (रोपनी) को घरजग्गा ।
२४.	यस बैंकको नाममा मालपोत कार्यालय कुश्मा पर्वतको लगतमा दर्ता कायम रहेको पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ४, स्थित कित्ता नं. १७१४ को क्षेत्रफल ०-१-३-२ (रोपनी) को घर जग्गा ।
२५.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४०५० र ४०४८ को क्षेत्रफल क्रमशः ०-०-२.२५ र ०-०-१२.७५ (विगाह) को जग्गा ।
२६.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४२९, २१३ र १६८४ को क्षेत्रफल क्रमशः ०-०-१.५०, ०-०-२ र ०-०-१० (विगाह) को घर/जग्गा ।
२७.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ९२४ को क्षेत्रफल ०-०-७.५० (विगाह) को जग्गा ।
२८.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, विरगंजको लगतमा दर्ता कायम रहेको, पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ क (हाल पर्सा जिल्ला, बहादुरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ९८१ र ९८३ को क्षेत्रफल क्रमश : ०-०-१३-८ र ०-०-२-८ (विगाह) को घर/जग्गा ।
२९.	यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४७०३, ३१७४ र ३९५२ को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-०-५-० र ०-०-४-० (विगाह) को जग्गा ।
३०.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. २६४ को क्षेत्रफल ३६६.४० व.मि. को घरजग्गा ।
३१.	यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ६ (हाल सुन्दर हरैचा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १६० को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
३२.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, बहुअरी वी गा.वि.स. वडा नं. २ (हाल विरगंज म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ८३९ र ८४० को क्षेत्रफल क्रमशः ०-२-५-० र ०-१-४-२ (विगाह) को घरजग्गा ।
३३.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स. वडा नं. २ ग (हाल रामधुनी न.पा. वडा नं. १) स्थित कित्ता नं. ८८१ र ८८२ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-१५-० (विगाह) को जग्गा ।
३४.	यस बैंकको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ५०२, ५०६, ५०७, ५३४, ५३५, ५३६, ५३७, ५३८ र १२६० को क्षेत्रफल क्रमशः ३-२-१-१, ०-५-१-०, ०-९-२-१, ०-७-३-२, ०-५-०-१, ०-७-०-१, १-९-१-१, ०-१३-३-१ र ०-८-१-२ (रोपनी) को जग्गा ।
३५.	यस बैंकको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ८५ र १९२ को क्षेत्रफल क्रमशः २-०-२-१ र ०-३-३-३ (रोपनी) को जग्गा ।
३६.	यस बैंकको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ५ स्थित कित्ता नं. १५१, १५९ र १६७ को क्षेत्रफल क्रमशः ४१, ५०.७० र ४७ (व.मि.) को घरजग्गा ।
३७.	यस बैंकको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, लामाचौर गा.वि.स वडा नं. ३ स्थित कित्ता नं. १०८० को क्षेत्रफल १-९-२-३ (रोपनी) को जग्गा ।
३८.	यस बैंकको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १६२४, १६२५ र १६२६ को क्षेत्रफल क्रमशः ४१३.२७ व.मि., ५०८.७४ व.मि. र ५१२.७२ व.मि. को जग्गा ।
३९.	यस बैंकको नाममा मालपोत कार्यालय लहान, सिरहाको लागतमा दर्ता कायम रहेको सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ८ ख स्थित कित्ता नं. ४००, ३६३, ४०२, ३९७ र ४२७ को क्षेत्रफल क्रमशः ३-११-१७.५०, ०-७-०, ०-०-१४.७५, ०-६-१५ र २-१९-१.७५ (बिगाह) को जग्गा ।
४०.	यस बैंकको नाममा मालपोत कार्यालय लहान, सिरहाको लागतमा दर्ता कायम रहेको सिरहा जिल्ला, लहान गोठ गा.वि.स. वडा नं. ६ (हाल लहान न.पा. वडा नं. १०) स्थित कित्ता नं. ४०१ को क्षेत्रफल ०-८-३.७५ (बिगाह) को जग्गा ।
४१.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ३ (हाल बाँसगढी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २०६ र ६३४४ को क्षेत्रफल क्रमशः ४१५ र ५५८.७० (व.मी) को घरजग्गा ।
४२.	यस बैंकको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, पटखौली गा.वि.स. वडा नं. ६ (हाल ओमसतिया गा.पा. वडा नं. ५) स्थित कित्ता नं. १२५९ को क्षेत्रफल १-५-१२-० (विगाह) को जग्गा ।
४३.	यस बैंकको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ४ क (हाल रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १२३० को क्षेत्रफल ०-१०-९-० (विगाह) को घरजग्गा ।
४४.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. २ (हाल पोखरा लेखनाथ म.न.पा. वडा नं. २९) स्थित कित्ता नं. ४२६२ को क्षेत्रफल ३-१-२-१ (रोपनी) को घरजग्गा तथा कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. २ (हाल पोखरा लेखनाथ म.न.पा. वडा नं. २९) स्थित कित्ता नं. २९८५ को क्षेत्रफल ३-३-१-२ (रोपनी) को जग्गा ।
४५.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (विगाह) को घरजग्गा ।
४६.	यस बैंकको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, पटखौली गा.वि.स. वडा नं. ६ (हाल ओमसतिया गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ८७४ र ८७५ को क्षेत्रफल क्रमश :०-०-७.५-० र ०-०-७.५-० (विगाह) को घरजग्गा ।
४७.	यस बैंकको नाममा मालपोत कार्यालय परासी नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २क (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. ४१ र ४६ को क्षेत्रफल क्रमशः १-३-१२-० र ०-१८-१५-० (विगाह) को जग्गा ।
४८.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगापुर गा.वि.स. वडा नं. १ख (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १०४२ को क्षेत्रफल २९०.७२ व.मि.को जग्गा र रौतहट जिल्ला, जुडिबेला गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. १०२९ र १०९८ को क्षेत्रफल क्रमशः ४३१७.५१ र ६०२५.३४ (व.मि.) को जग्गा ।
४९.	यस बैंकको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ स्थित कित्ता नं. ५० को क्षेत्रफल २५३.९५ (व.मी.) को घरजग्गा ।
५०.	यस बैंकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ५ख (हाल मध्यबिन्दु न.पा. वडा नं. ९) स्थित कित्ता नं. १४३, ८६ र ३०५ को क्षेत्रफल क्रमशः ०-६-८-०, १-०-०-०, र ०-५-१५-० (विगाह) को जग्गा ।
५१.	यस बैंकको नाममा मालपोत कार्यालय परासी नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. ८ (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १०१५ को क्षेत्रफल ०-५-२-०.२५ (विगाह) को जग्गा, नवलपरासी जिल्ला, मन्मखरिया गा.वि.स. वडा नं. १ख (हाल रामग्राम न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५९४ को क्षेत्रफल ०-३-१६$^{३/२}$ (विगाह) को जग्गा ।
५२.	यस बैंकको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ८/ख (हाल निजगढ न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२०१ को क्षेत्रफल ०-२-५-८ (विगाह) को जग्गा ।
५३.	यस बैंकको नाममा मालपोत कार्यालय नवलपरासी, कावासोती (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको, नवलपरासी जिल्ला, कोलुवा गा.वि.स. वडा नं. ९ क, स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-५-७ (विगाह) को जग्गा ।
५४.	यस बैंकको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८४ को क्षेत्रफल ०-०-१८ (विगाह) को घरजग्गा ।
५५.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८५ र ८१० को क्षेत्रफल क्रमश ०-०-१८-० र ०-०-५-३ (विगाह) को घरजग्गा।
५६




तपसिल नं. १ मा उल्लेखित सम्पति




तपसिल नं. २ मा उल्लेखित सम्पति




तपसिल नं. ३ मा उल्लेखित सम्पति




तपसिल नं. ४ मा उल्लेखित सम्पति




तपसिल नं. ५ मा उल्लेखित सम्पति




तपसिल नं. ६ मा उल्लेखित सम्पति




तपसिल नं. ७ मा उल्लेखित सम्पति




तपसिल नं. ८ मा उल्लेखित सम्पति




तपसिल नं. ९ मा उल्लेखित सम्पति




तपसिल नं. १० मा उल्लेखित सम्पति




तपसिल नं. ११ मा उल्लेखित सम्पति




तपसिल नं. १२ मा उल्लेखित सम्पति




तपसिल नं. १३ मा उल्लेखित सम्पति




तपसिल नं. १४ मा उल्लेखित सम्पति




तपसिल नं. १५ मा उल्लेखित सम्पति




तपसिल नं. १६ मा उल्लेखित सम्पति




तपसिल नं. १७ मा उल्लेखित सम्पति




तपसिल नं. १८ मा उल्लेखित सम्पति




तपसिल नं. १९ मा उल्लेखित सम्पति




तपसिल नं. २० मा उल्लेखित सम्पति




तपसिल नं. २१ मा उल्लेखित सम्पति




तपसिल नं. २२ मा उल्लेखित सम्पति




तपसिल नं. २३ मा उल्लेखित सम्पति




तपसिल नं. २४ मा उल्लेखित सम्पति




तपसिल नं. २५ मा उल्लेखित सम्पति




तपसिल नं. २६ मा उल्लेखित सम्पति




तपसिल नं. २७ मा उल्लेखित सम्पति




तपसिल नं. २८ मा उल्लेखित सम्पति




तपसिल नं. २९ मा उल्लेखित सम्पति




तपसिल नं. ३० मा उल्लेखित सम्पति



तपसिल नं. ३१ मा उल्लेखित सम्पति



तपसिल नं. ३२ मा उल्लेखित सम्पति




तपसिल नं. ३३ मा उल्लेखित सम्पति




तपसिल नं. ३४ मा उल्लेखित सम्पति




तपसिल नं. ३५ मा उल्लेखित सम्पति




तपसिल नं. ३६ मा उल्लेखित सम्पति




तपसिल नं. ३७ मा उल्लेखित सम्पति



तपसिल नं. ३८ मा उल्लेखित सम्पति



तपसिल नं. ३९ मा उल्लेखित सम्पति



तपसिल नं. ४० मा उल्लेखित सम्पति

तपसिल नं. ४१ मा उल्लेखित सम्पति

तपसिल नं. ४२ मा उल्लेखित सम्पति

तपसिल नं. ४३ मा उल्लेखित सम्पति

तपसिल नं. ४४ मा उल्लेखित सम्पति

तपसिल नं. ४५ मा उल्लेखित सम्पति

तपसिल नं. ४६ मा उल्लेखित सम्पति

तपसिल नं. ४७ मा उल्लेखित सम्पति

तपसिल नं. ४८ मा उल्लेखित सम्पति

तपसिल नं. ४९ मा उल्लेखित सम्पति

तपसिल नं. ५० मा उल्लेखित सम्पति

तपसिल नं. ५१ मा उल्लेखित सम्पति

तपसिल नं. ५२ मा उल्लेखित सम्पति

तपसिल नं. ५३ मा उल्लेखित सम्पति

तपसिल नं. ५४ मा उल्लेखित सम्पति

तपसिल नं. ५५ मा उल्लेखित सम्पति

तपसिल नं. ५६ मा उल्लेखित सम्पति

तपसिल नं. ५७ मा उल्लेखित सम्पति

तपसिल नं. ५८ मा उल्लेखित सम्पति

तपसिल नं. ५९ मा उल्लेखित सम्पति

तपसिल नं. ६० मा उल्लेखित सम्पति

तपसिल नं. ६१ मा उल्लेखित सम्पति

तपसिल नं. ६२ मा उल्लेखित सम्पति

तपसिल नं. ६३ मा उल्लेखित सम्पति

तपसिल नं. ६४ मा उल्लेखित सम्पति

तपसिल नं. ६५ मा उल्लेखित सम्पति

तपसिल नं. ६६ मा उल्लेखित सम्पति

तपसिल नं. ६७ मा उल्लेखित सम्पति

तपसिल नं. ६८ मा उल्लेखित सम्पति

तपसिल नं. ६९ मा उल्लेखित सम्पति

तपसिल नं. ७० मा उल्लेखित सम्पति

तपसिल नं. ७१ मा उल्लेखित सम्पति

तपसिल नं. ७२ मा उल्लेखित सम्पति

तपसिल नं. ७३ मा उल्लेखित सम्पति

तपसिल नं. ७४ मा उल्लेखित सम्पति

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौँबाट रु. १,०००।- (रुपैँया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण् नसुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौँमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल विक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख् गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेकोे मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन् गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको मोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौँमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।
७. सो जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात बोलपत्रदाता स्वयंमले निरिक्षण गरी यकिन गरी बोलपत्र पेश गर्नुहुन । अन्यथा भएमा बोलपत्रदाता स्वयंम जिम्मेवार हुनेछ ।

नेसनल लाइफको इम्प्लोई स्किल इनह्यान्समेन्ट वर्कसप

काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले 'एक्सेल एन्ड इलिभेट' भन्ने नाराका साथ तीनदिने 'इम्प्लोई स्किल इनह्यान्समेन्ट वर्कसप' सम्पन्न गरेको छ । कम्पनीमा कार्यरत प्रशासनिक कर्मचारीको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले चितवनमा आयोजित कार्यक्रममा जीवन बिमा व्यवसायसँग सम्बन्धित विभिन्न वर्तमान पाटोबारे विवेचना गरी आगामी वर्षका लागि तय भएको व्यावसायिक लक्ष्य र रणनीतिसँग प्रशिक्षित गराउन कार्यक्रम गरिएको हो ।

कार्यक्रममा विभागीय प्रमुख तथा प्रशासनिक कर्मचारी गरी दुई सयभन्दा बढीको सहभागिता रहेको जनाइएको छ । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले बिमा व्यवसाय प्रतिस्पर्धात्मक र जटिल हुँदै गइरहेको अहिलेको स्थितिमा आफ्नो दक्षता, मिहिनेत र आपसी समन्वयबाट कम्पनीको व्यावसायिक लक्ष्य हासिल गरी बिमा बजारमा अग्र स्थानमा पुऱ्याउनुपर्ने बताए । यसमा मार्केटिङ कर्मचारीको जत्तिकै भूमिका प्रशासनिक कर्मचारीको पनि हुने भएकाले सबैले आ-आफ्नो जिम्मेवारी वहन गर्दै अधिकतम प्रयास गर्नुपर्ने उनको भनाइ थियो । दक्ष कर्मचारीबाट नै उत्कृष्ट परिणाम प्राप्त गर्न सकिने भएकाले कम्पनीले कर्मचारीको क्षमता अभिवृद्धिका लागि लगानी गर्दै जाने उनले प्रतिबद्धता जनाएका थिए ।

सहभागी कर्मचारीलाई मोटिभेसनल स्पिकर मानसी अग्रवालले मोटिभेसनल तथा स्किल डेभलपमेन्ट सम्बन्धमा प्रशिक्षण दिएको जनाइएको छ । कार्यक्रममा नेपाल बिमा प्राधिकरणका सुदूरपश्चिम प्रदेश प्रमुख हृदयेश्वर पण्डितले बिमालाई माध्यम बनाएर विभिन्न बहानामा सम्पत्ति शुद्धीकरण गर्न सकिनेतर्फ सचेत रहन आग्रह गरेका थिए ।

कर्मचारीको दक्षता जाँच गर्नका लागि सहभागी कर्मचारीको परीक्षा सञ्चालन गरी प्रथम, द्वितीय र तृतीय हुने कर्मचारी सुरक्षा सिंह, चूडामणि गौतम र खगेन्द्र श्रेष्ठलाई नगद पुरस्कारसमेत प्रदान गरिएको उल्लेख छ ।

एनएमबि बैंक र युएसएआइडीको सहकार्यमा डिजिटल वित्तीय साक्षरता

काठमाडौं/ एनएमबि बैंकले डिजिटल वित्तीय साक्षरता कार्यक्रम गरेको छ । अमेरिकाको एजेन्सी फर इन्टरनेसनल डेभलपमेन्ट (युएसएआइडी)सँगको सहकार्यमा बैंकले विराटनगरमा साना तथा मझौला उद्यम तथा लघु, साना तथा मझौला उद्यमहरू वृद्धि गर्ने उद्देश्यले डिजिटल वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको बताइएको छ ।

उद्यमीलाई डिजिटल भुक्तानी प्रणालीको निर्णायक भूमिका र व्यवसायको वृद्धि र दिगोपन बढाउन उपलब्ध विभिन्न सेवा र मार्केटिङ प्रविधिबारे जानकारी गराउनमा कार्यक्रम केन्द्रित थियो । सो कार्यक्रममा विभिन्न उद्योगहरूबाट एक सय १० भन्दा बढी सहभागी सक्रिय रूपमा छलफलमा संलग्न भएको बैंकले जनाएको छ । बैंकले देशभरि दुई सय एक शाखा, एक सय ७१ एटिएम र १२ एक्सटेन्सन काउन्टरमार्फत सेवा प्रदान गर्दै आइरहेको छ ।

'बेनी सेक्युरिटिज' सञ्चालनमा

काठमाडौं/ दोस्रो बजारमा सोमबारदेखि नयाँ ब्रोकर कम्पनी 'बेनी सेक्युरिटिज प्रालि' थपिएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) बाट सदस्यता प्राप्त गरेसँगै कम्पनी सञ्चालनमा आएको बताइएको छ । कम्पनीको ब्रोकर नं ९३ रहेको छ ।

सोमबारदेखि औपचारिक कारोबार सुरु गरेको कम्पनीले जनाएको छ । लगानीकर्ताको बढ्दो मागलाई मध्यनजर गर्दै सेयर कारोबारका लागि सञ्चालनमा आएको कम्पनीको चुक्ता पुँजी २० करोड रहेको बताइएको छ । कम्पनीले नामजस्तै सेवा पनि सजिलो रूपमा प्रदान गर्ने प्रतिबद्धतासमेत गरेको छ ।

खुला अर्थनीति र पुँजी बजारको चरित्रका आधारमा ब्रोकर लाइसेन्स सबैका लागि खुला राख्ने नीति ल्याएसँगै नयाँ ब्रोकर कम्पनीले अवसर पाएका हुन् ।

सांग्रिला डेभलपमेन्ट बैंकका ग्राहकले होटेल सारामा २५% सम्म छुट पाउने

काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंकका कर्मचारी तथा ग्राहकले होटेल साराको सेवामा छुट पाउने भएका छन् । बैंक र होटेलबीच सेवा प्रदान गर्ने गरी सम्झौता भएको बताइएको छ । सम्झौतापत्रमा बैंकको तर्फबाट पोखरा क्लस्टर प्रमुख रेवन्त श्रेष्ठ र होटेल साराका तर्फबाट कार्यकारी निर्देशक पृथ्वी सुवेदीले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार बैंकका भिसा डेबिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्ताले होटेल सारामा खाना, सौना र स्पा तथा पेय पदार्थमा १० प्रतिशत तथा आवासमा २५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । साथै, भोजका निम्ति हलहरूमा १५ प्रतिशतसम्म छुट दिइएको बताइएको छ । यस सम्झौताले बैंकमा कार्यरत कर्मचारी तथा ग्राहकलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा फाइदा पुग्ने विश्वास बैंकले लिएको छ ।

आयल निगमको वार्षिकोत्सवका अवसरमा रक्तदान कार्यक्रम

काठमाडौं/ नेपाल आयल निगम लिमिटेडले ५४औँ वार्षिकोत्सवको अवसरमा मंगलबार रक्तदान कार्यक्रम आयोजना गरेको छ ।

टेकुस्थित केन्द्रीय कार्यालयमा रेडक्रस सोसाइटी, रक्त सञ्चार सेवा (ताहाचल)को समन्वयमा आयोजित कार्यक्रममा एक सय ५१ जनाले रक्तदान गरेको निगमको स्वतन्त्र कर्मचारी युनियनका अध्यक्ष विकास बखतीले जानकारी दिए । उनका अनुसार हालसम्मकै धेरै संख्यामा यसपटक रक्तदान भएको छ । 'निगम कर्मचारी, पूर्वकर्मचारी र उहाँहरूका परिवार तथा प्रहरीहरूले रक्तदानमा सहभागिता जनाउनुभएको थियो,' उनले भने । निगमले बिहीबार स्थापनाको ५४औँ वार्षिकोत्सव मनाउन लागेको छ । बर्सेनि वार्षिकोत्सवको अवसर पारेर रक्तदान कार्यक्रम आयोजना गर्दै आएको बखतीले जानकारी दिए । मंगलबारको रक्तदान कार्यक्रमको उद्घाटन निगमका नायब कार्यकारी निर्देशक वीरेन्द्र गोइतले गरेका थिए ।

कार्यक्रममा एक सय ७६औँपटक रक्तदान गरिसकेका प्रेमसागर कर्माचार्यले उपस्थित भएर आगामी दिनमा कम्तीमा वार्षिक रूपमा दुईपटक रक्तदान कार्यक्रम आयोजना गर्न सुझाव

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २५ पुस ०८०

पूर्वप्रस्थान अभिमुखीकरण तालिमको शुल्क वृद्धि नगर्न प्रधानमन्त्रीको निर्देशन

श्रमिकलाई दिइने तालिम बोर्ड वा तालिम प्रतिष्ठानबाट निःशुल्क गर्ने व्यवस्था मिलाइने

मुना कुँवर/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहालले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई दिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिमको शुल्क यथावत् राख्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिएका छन्। मंगलबार श्रम मन्त्रालयसँग छलफलपछि प्रधानमन्त्री दाहालले १६ बुँदे निर्देशन जारी गर्दै तालिम शुल्क यथावत् राख्न निर्देशन दिएका हुन्।

वैदेशिक रोजगारीमा जाने श्रमिकलाई दिइने तालिमहरू वैदेशिक रोजगार बोर्ड वा सीप विकास तालिम प्रतिष्ठानबाट निःशुल्क गर्ने व्यवस्था मिलाउनसमेत उनले निर्देशन दिएका छन्। त्यस्तै जापान, बेलायतलगायत अन्य युरोपियन मुलुकमा वैदेशिक रोजगारीमा पठाउने प्रक्रियागत व्यवस्थालाई सरलीकृत गर्न पनि उनले निर्देशन दिएका छन्। दक्षिण कोरियाली मुलुकमा हाल इपिएस प्रणालीबाट मात्र नेपाली श्रमिक पठाउने व्यवस्था भएकोमा ई-७ भिसालाई समेत सोही प्रणालीमा आबद्ध गराउन कोरिया सरकारसँग भएका श्रम सम्झौता नवीकरण गर्नसमेत प्रधानमन्त्री दाहालले निर्देशन दिएका छन्।

पुराना श्रम सम्झौताको नवीकरण र नयाँ गन्तव्य मुलुकसँग श्रम सम्झौता गर्ने कार्यलाई प्राथमिकतामा राख्न, श्रम सम्झौता गर्दा न्यूनतम तलब, सामाजिक सुरक्षा, कार्यघण्टा, बिमालगायतका सुविधालाई अधिकतम प्रदान गर्नेतर्फ विशेष ध्यान दिनसमेत प्रधानमन्त्रीले आग्रह गरेका छन्। कामको सिलसिलामा विदेशमा चोटपटक, अंगभंग तथा घाइते बिरामीको उपचार तत्काल गराउने र मृत्यु भएमा श्रमिकको शव समयमै परिवारसम्म पुऱ्याउने व्यवस्थालाई प्राथमिकताका साथ सम्पादन गर्नसमेत उनले निर्देशन दिएका छन्।

■ ७५३ स्थानीय तहबाटै पुनः श्रम स्वीकृति

प्रधानमन्त्री पुष्पकमल दाहालले सात सय ५३ स्थानीय तहबाटै पुनः श्रम स्वीकृति दिने व्यवस्था मिलाउन श्रम मन्त्रालयलाई निर्देशन दिएका छन्। वैदेशिक रोजगार सूचना प्रणाली (एफइएमआइएस)लाई अद्यावधिक गरी विदेशस्थित नियोग, रोजगारदाता श्रमिक र सात सय ५३ स्थानीय तहको पहुँच हुने गरी विस्तार गर्नसमेत प्रधानमन्त्री दाहालले निर्देशन दिएका हुन्।

रोजगारदाता र श्रमिकको एकीकृत विवरण तयार गरी माग र आपूर्तिबीच सन्तुलन कायम गर्नेतर्फ तत्काल कार्य गर्न निर्देशन दिएका छन्। यसका लागि सात सय ५३ स्थानीय तहहरूमा संयन्त्र निर्माण गर्न आवश्यक नेपाल रोजगारी व्यवस्थापन सूचना प्रणाली (एनइएमआइएस)लाई तत्काल कार्यान्वयनमा ल्याउनसमेत निर्देशन दिएका छन्।



सामाजिक सुरक्षा कोषमा औपचारिक, अनौपचारिक र वैदेशिक रोजगारीमा गएका र स्वरोजगारमा रहेका श्रमिकलाई आबद्धतालाई प्राथमिकतासाथ कार्यान्वयन गर्न प्रधानमन्त्री दाहालले निर्देशन दिएका छन्। सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकमलाई अधिकतम लाभ हुने परियोजनामा लगानी गर्ने व्यवस्था मिलाउन, श्रमिकलाई उद्यमशील बनाउन, वैदेशिक रोजगारबाट फर्किएका श्रमिकको ज्ञान सीप र पुँजीको पूर्ण उपयोग हुने क्षेत्रमा लगानी गर्ने वातावरण मिलाउन पनि दाहालले श्रम मन्त्रालयलाई निर्देशन दिएका छन्।

त्यस्तै, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनरावलोकन गरी मागमा आधारित परियोजनाहरूमा काम लगाउने प्रणालीको विकास गर्नुपर्ने प्रधानमन्त्री दाहालले आग्रह गरेका छन्। यसमा स्थानीय तहको आवश्यकता पहिचान गरी कार्यक्रम सञ्चालन गर्न, अन्य रोजगारी सिर्जना हुने कार्यक्रमलाई पनि एकीकृत गरी सीप र क्षमता अभिवृद्धि हुने किसिमको कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएका छन्।

उनले भने, 'श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पहिलो प्राथमिकता आन्तरिक रोजगारी सिर्जना र मर्यादित रोजगारी केन्द्रित हुनुपर्छ। यसतर्फ मन्त्रालयले विशेष योजना तयार गरी कार्यान्वयन गर्नु आवश्यक छ।'

आन्तरिक वा वैदेशिक रोजगारीमा गएका श्रमिकको मृत्युदरमा कमी ल्याउने उपायको खोजी गर्न र वैदेशिक रोजगार ऐन, २०६४ पुरानो भएकाले यसलाई श्रमिकमैत्री हुने गरी आगामी हिउँदे अधिवेशनमा विधेयक पेस गर्न निर्देशन दिएका छन्। साथै, हालै वैदेशिक रोजगार बोर्ड र मलेसियाको फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्लुडब्लुएमसी)बीच वैदेशिक रोजगारका विषयमा भएको भनिएको सम्झौतालाई हाल कार्यान्वयन नगर्ने व्यवस्था मिलाउनसमेत निर्देशन दिएका छन्।

■ श्रम मन्त्रालयको निर्णयबारे छलफल गर्न पूर्वमन्त्री अर्यालको आग्रह

पूर्वश्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले श्रम मन्त्रालयले श्रमिकको हितविरुद्ध गरिएको निर्णयप्रति संघीय संसद् उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको ध्यानाकर्षण गराएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेता एवं समितिका सदस्य अर्यालले विभिन्न सञ्चारमाध्यममा आएका विषयमा शंकास्पद भएकाले यस विषयमा छलफल गर्न आग्रह गर्दै समितिलाई लिखित निवेदन दिएका छन्। मंगलबार श्रमिकको हितविपरीत हुने गरी श्रम मन्त्रालयले गरेका निर्णयका सन्दर्भमा नीतिगत छलफल गराउने भन्ने विषयसहितको निवेदन समितिमा बुझाएका हुन्। उनले श्रममन्त्री र श्रमसचिवलाई बोलाएर छलफल गर्नसमेत आग्रह गरेका छन्।

पूर्वश्रममन्त्री अर्यालले श्रम मन्त्रालयले पूर्वप्रस्थान अभिमुखीकरणको तालिम शुल्क वृद्धि गरेकोबारे छलफल गर्नुपर्ने निवेदनमा उल्लेख छ। श्रम मन्त्रालयले पूर्वप्रस्थान अभिमुखीकरणको तालिम शुल्क वृद्धि गरी प्रतिव्यक्ति सात सय रुपैयाँबाट दुई हजार आठ सय रुपैयाँ पुऱ्याएको, तर यस विषयमा सरोकारवाला निकायसँग छलफल नगरिएको, वैदेशिक रोजगार विभाग र बोर्डलाई जानकारी नदिइएको भन्ने सुनिन आएको छ। कार्यविधिअनुसार निर्देशक समितिको सिफारिसअनुसार वैदेशिक रोजगार बोर्डले निर्णय गर्नुपर्नेमा कार्यविधि नै परिवर्तन गरी मन्त्रीस्तरीय निर्णय गरिएको विषयमा छलफल गर्न माग गरिएको छ।

त्यस्तै, अर्धदक्ष तथा दक्ष कामदारका लागि अंग्रेजी भाषा अनिवार्य गरेकोबारे समेत छलफल गर्नुपर्ने उनले बताए। मन्त्रालयले अर्धदक्ष तथा दक्ष कामदारका लागि अंग्रेजी भाषा अनिवार्य गर्ने निर्णय गरेको छ। जसअनुसार चालक, सिकर्मी, डकर्मी, इलेक्ट्रिसियन, प्लम्बर, सुरक्षा गार्डजस्ता कामका लागि पनि अंग्रेजी भाषा अनिवार्य गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

एनसेलको छानबिन नटुंग्याई संयोजक शर्मा बेलायत उडे

समितिलाई दिइएको एक महिनाको म्याद मंगलबार सकिएको छ

पवन तिमिल्सिना/नयाँ पत्रिका

एनसेलको सेयर खरिद-बिक्रीमा आशंका गरिएको अनियमितता छानबिन गर्ने जिम्मेवारी पाएका पूर्वमहालेखा परीक्षक टंकमणि शर्मा आइतबार बेलायत उडेका छन्। समितिलाई दिइएको छानबिनको समयावधि मंगलबार सकिएको छ। शर्मा शुक्रबार मात्रै स्वदेश फर्किँदै छन्।

नियामक निकायलाई थाहै नदिई आजियाटाले एनसेलको ८० प्रतिशत सेयर स्पेक्ट्रलाइट युकेलाई बिक्री गर्ने विषय सार्वजनिक भएपछि सरकारले छानबिन गर्ने निर्णय गरेको थियो। जसअनुसार २१ मंसिरमा मन्त्रिपरिषद्बाट एक महिनाको म्याद दिएर एनसेल खरिद-बिक्रीमाथि छानबिन गर्न शर्माको नेतृत्वमा समिति गठन भएको थियो। तर, समितिको म्याद नसकिँदै उनी आइतबार बेलायत उडेको समितिका एक सदस्यले जानकारी दिए।

ती सदस्यका अनुसार उनी अक्सफोर्ड विश्वविद्यालयअन्तर्गतको थिंक ट्यांक संस्था अक्सफोर्ड सेन्टर फर द स्टडी अफ करप्सन एन्ड ट्रान्सपरेन्सी नामक संस्थाको कार्यक्रममा भाग लिन बेलायत गएका हुन्। उनी यो संस्थाका सदस्यसमेत हुन्। जनवरी र जुलाईका लागि निर्धारित यो कार्यक्रममा सहभागी हुनका लागि उनी छानबिन समितिको म्याद नसकिँदै (गत आइतबार) बेलायत प्रस्थान गरेका हुन्।

२४ मंसिरबाट काम सुरु गरेको समितिले अहिलेसम्म छानबिन टुंगो लगाउन सकेको छैन। तर, शर्माले आफू बेलायत जाने भएपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा म्याद थपका लागि यसअघि नै १५ दिन म्याद थपको प्रस्तावसहित निवेदन बुझाएर गएका छन्। समितिले हाल नेपाल राष्ट्र बैंक, कम्पनी रजिस्ट्रारको कार्यालयलगायतका निकायसँग कागजात माग गरेकोमा जवाफ नआएकाले ढिलाइ भएको समितिका सदस्यले जानकारी दिए।

एनसेनको सेयर खरिद-बिक्रीको सम्बन्धमा प्रचलित नेपाल कानुनको परिपालनाको विषय, राजस्व र नेपालमा वैदेशिक लगानीमा पर्न सक्ने असरलगायतका विषय अध्ययन तथा छानबिन गरी ३० दिनभित्र प्रतिवेदन पेस गर्नुपर्ने समितिको कार्यसर्तमा उल्लेख छ। समितिको सदस्यमा सचिव फणीन्द्र गौतम, अर्थ मन्त्रालयका सहसचिव रितेशकुमार शाक्य, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव बाबुराम भण्डारी, चार्टर्ड एकाउन्टेन्टहरूको संस्था आइक्यानका अध्यक्ष सुजनकुमार काफ्ले सदस्य छन्।

■ एनसेलको सुनुवाइ बुधबार हुने

एनसेलको सेयर खरिद-बिक्री दर्ता नगर्न उच्च अदालत पाटनले कम्पनी रजिस्ट्रारको कार्यालयलाई अन्तरिम आदेश दिइसकेको छ। अदालतले खरिदकर्ता र बिक्री पक्षको नाममा म्याद तामेल गर्न नसक्दा सुनुवाइ अघि बढ्न सकेको छैन। जसका लागि २५ पुसमा (बुधबार) दुवै पक्षलाई छलफलका लागि बोलाइएको छ।

गत २ पुसमा अदालतले आजियाटा र स्पेक्ट्रलाइट युकेको नाममा राष्ट्रिय दैनिक अखबारमा सूचना जारी गर्न आदेश दिएको थियो। जसअनुसार दुई कम्पनीको नाममा 'द राइजिङ नेपाल'मा १५ दिनभित्र लिखित जवाफ पेस गर्न सार्वजनिक सूचना आह्वान गरिएको थियो। तर, कम्पनीहरूको जानकारी यकिन नभएकाले सुनुवाइ हुन सकेन। त्यसपछि आजियाटाको इमेलमार्फत जानकारी गराउन र स्पेक्ट्रलाइट युकेको नाममा पुनः अखबारमा सूचना जारी गर्न अदालतले आदेश दिएको थियो। म्याद तामेल गर्ने दोस्रो प्रयाससमेत असफल भएको भण्डारीले जानकारी दिए।

हालसम्म आजियाटा र स्पेक्ट्रलाइट युकेले म्याद बुझ्न नमानेको निवेदक पक्षका वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीले जानकारी दिए। उनले भने, 'हामीले पत्रिकामा सार्वजनिक सूचना जारी गर्‍यौं। आजियाटाको वेबसाइटमा उल्लेख गरिएको इमेलमा समेत गरिसक्यौं। तर, हालसम्म कुनै पनि जवाफ प्राप्त भएको छैन। यसबाट उनीहरूले अदालतलाई पन्छाउने खोजेको बुझिन्छ।'

यद्यपि, दुईजनाको पक्षबाट एनसेलले नै जवाफ दिने सम्भावना रहेकाले बुधबार अदालतमा बहस हुनेमा उनी आशावादी छन्। उनले भने, 'अब भोलिबाट चाहिँ अदालतले बहसलाई अघि बढाउने देखिन्छ। किनभने, हामीले गर्नुपर्ने प्रयास गरिसकेका छौं।'

आयल निगमको धनगढी डिपो प्रमुख साहको सरुवा

अजित अधिकारी/नयाँ पत्रिका

व्यवसायीसँग अवैध रूपमा एक लाख रुपैयाँसम्म असुली गरेको आरोप खेपेका आयल निगम सुदूरपश्चिम प्रादेशिक कार्यालय, धनगढीका प्रमुख मोहनकुमार साहको सरुवा भएको छ। उपनिर्देशक साहको विवादित छविले निगमलाई नै असर गरेको भन्दै निमित्त नायब कार्यकारी निर्देशक नागेन्द्र साहले मंगलबार साँझ उनलाई सरुवा गर्ने निर्णय गरेका हुन्। स्रोतका अनुसार उनलाई केन्द्रीय कार्यालयस्थित इन्जिनियरिङ परियोजना तथा सूचना प्रविधि विभागमा बुधबारदेखि हाजिर हुने गरी सरुवा गरिएको छ।

'साहका कारण निगमको समग्र छविमै आँच आउन थालेपछि तत्कालै लागू हुने गरी सरुवा गरिएको छ,' स्रोतले भन्यो। उनको सरुवा भए पनि नयाँ डिपो प्रमुख भने पठाइएको छैन। निगमले बिहीबार ५४औं वार्षिकोत्सव मनाउन लागेका र सबै कर्मचारी त्यसकै लागि व्यस्त भएकाले वार्षिकोत्सवलगत्तै नयाँ डिपो प्रमुख नियुक्त गर्ने तयारी रहेको स्रोतको भनाइ छ।

'धनगढी डिपोमा कार्यालय प्रमुख मात्रै हेरफेर गरेर पुग्दैन। अपरेसन विभागमा कार्यरत पुराना कर्मचारीसमेत हटाएर नयाँ पठाउनुपर्ने देखिएको छ,' स्रोतले भन्यो, 'त्यसैले वार्षिकोत्सव सकिनासाथ तीनजना कर्मचारीको नयाँ सेट धनगढी पठाएर आपूर्ति प्रणाली सुव्यवस्थित बनाउने प्रयत्न गर्न लागिएको छ।'



करिब एक वर्षदेखि धनगढी डिपो प्रमुख रहेका साहले व्यवसायीसँग जुनसुकै काम गर्दा पनि अवैद्य असुली गरेर दुःख दिन गरेको उजुरी बढ्दै गएको थियो। उनले पेट्रोलपम्प अनुगमनमा जाँदा प्रत्येकपटक तीनदेखि पाँच हजार रुपैयाँसम्म, भारतबाट तेल लिएर ट्यांकरलाई खाली गराउन प्रत्येकपटकमा १० देखि १५ हजार र पेट्रोलपम्पले इन्धन ढुवानी गर्न निजी ट्यांकर राख्न निवेदन दिएर सिफारिस गरेबापत प्रतिपटक ८० हजारसम्म अवैद्य असुली गर्ने गरेको आरोप खेपेका छन्। त्यस्तै, ट्यांकरधनीलाई ढुवानी भाडा भुक्तानी गर्दा मासिक १.५ प्रतिशतसम्म कमिसन र पेट्रोलपम्पलाई तेल दिएबापत मासिक एक लाख रुपैयाँसम्म कमिसन लिने गरेको पनि उनीमाथि आरोप लागेको छ।

त्यस्तै, साहको नेतृत्वमा धनगढी डिपोको कार्य सञ्चालन प्रणाली पनि कमजोर रहेको केन्द्रीय कार्यालयले गठन गरेको एउटा समितिले प्रतिवेदन दिएको थियो। गत भदौ अन्तिम साता आयल निगमको केन्द्रीय कार्यालयबाट अशोक साह र दीपक घिमिरे तथा दिवाकर मल्लिक र मनोहर डिसी रहेको दुई अनुगमन टोली देशभरका डिपो सञ्चालन प्रणालीको अनुगमन गर्न खटिएका थिए। टोलीले दिएको प्रतिवेदनमा धनगढी डिपोको सञ्चालन प्रणाली सबैभन्दा कमजोर देखिएको उल्लेख छ। अनुगमन टोलीले धनगढी डिपोमा इन्धन ढुवानी गर्ने तीन-चारवटा ट्यांकरको परीक्षण गर्दा एउटाको लकिङ नै बिगारेको फेला पारेको थियो। 'लकिङ बिगार्नु भनेको तेल चोरीको उद्देश्य हो। अरू कारण हुन सक्दैन,' त्यतिबेला अनुगमन टोलीमा रहेका एक कर्मचारीले भने।

लगानीकर्तामा थप उत्साह

काठमाडौं/ सामान्यतया पुस मसान्त सेयर लगानीकर्ताका लागि खर्च जोहो गर्ने समय भएकाले बजार दबाबमा रहने विगतको ट्रेन्ड छ। तर, यसपटक लगानीकर्ताले विनादबाब सेयर बजारमा लगानी बढाइरहेका छन्।

बैंक तथा वित्तीय संस्थामा पर्याप्त तरलता रहेको, कर्जा प्रवाह नहुँदा आगामी दिनमा ब्याजदर झनै घट्ने अनुमान लगानीकर्ताले गरेका छन्। सोही कारण मंगलबार नेप्से परिसूचक २० दशमलव ६२ अंकले बढेर दुई हजार ८० दशमलव १२ विन्दुमा आइपुगेको छ। साताको पहिलो कारोबार दिन बजार घटेको भए पनि सोमबार र मंगलबार नेप्से सूचक हरियाली बनेको हो।

नेपाल इन्भेस्टर्स फोरमका अध्यक्ष छोटेलाल रौनियारले पुस मसान्तलाई केन्द्रित गरेर लगानीकर्ताले दुई हप्ताअघि नै खर्चको जोहो गरेको हुँदा अन्तिम समयमा पनि विनादबाब बजार बढेको बताए।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय गैंडाकोटको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०९/२५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय गैंडाकोटबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ ०३ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय गैंडाकोटमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

जित बहादुर गजमेरको नातीनी, बुद्दे गजमेर/वाइवा माया गजमेरको छोरी, डिल बहादुर चुदारा/दिल माया चुदाराको बुहारी, तुल चुदाराको पत्नी, नवलपरासी जिल्ला गैंडाकोट न.पा. वडा नं.०७ स्थायी ठेगाना भई हाल नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, गैंडाकोट न.पा. वडा नं.०७, बस्ने **विष्णु माया गजमेर** (ना.प्र.नं. ३५३१०-४६१, जारी मिति २०६३/१०/०७, जिल्ला प्रशासन कार्यालय चितवन)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. लाल विर चुदाराको नाती, डिल बहादुर चूदारा/दिल माया चुदाराको छोरा, नवलपरासी जिल्ला गैंडाकोट न.पा. वडा नं.०७ स्थायी ठेगाना भई हाल नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, गैंडाकोट न.पा. वडा नं.०७, बस्ने **तुले चुदारा** (ना.प्र.नं. ई ८६३६, जारी मिति २०५५/०३/०२, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **तुले चुदारा**को नाममा मालपोत कार्यालय कावासोती नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला गैंडाकोट गा.वि.स/न.पा. वडा नं.०७/क स्थित कित्ता नं. २६७१ को क्षेत्रफल ०-५-१-० (रोपनी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० माघ ०२ गते** भित्र बैंकको शाखा कार्यालय गैंडाकोटमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लि.को शाखा कार्यालय गैंडाकोटबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ ०३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय गैंडाकोटमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाे सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय गैंडाकोटमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० माघ ०३ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय गैंडाकोट फोन नं. ०७८-५०३२२७

कुमारी बैंक लिमिटेड शाखा कार्यालय न्युरोड, काठमाण्डौको धितोमा रहेको सम्पत्ति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०९/२५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय न्युरोड, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औँ दिन अर्थात मिति २०८० माघ ०३ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय न्युरोड, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा कम्पनी दर्ता प्रमाणपत्र नं १२९१४६०/०७०/७१ अन्तर्गत मिति २०७०/१२/२७ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय काठमाण्डौमा स्थायी लेखा नम्बर ६०१८६४६२९ मिति २०७०/१२/२८ मा दर्ता भएको भक्तपुर जिल्ला मध्यपुर ठिमी गा.वि.स/न.पा वडा नं २, स्थित रजिष्टार कार्यालय रहेको **एल.एस.ए.ए मल्टीपर्पोज कम्पनी प्रा.लि.**।

संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. बखत बहादुर श्रेष्ठको नातिनी, केशर बहादुर श्रेष्ठको छोरी, सिन्धुपाल्चोक जिल्ला, बलेफी गा.पा. वडा नं ५ (साबिक सिन्धुपाल्चोक जिल्ला फुल्पिङडाँडा गा.वि.स/न.पा वडा नं. ७) बस्ने **लक्ष्मी श्रेष्ठ** (ना.प्र.नं. १३६९९/९८८५६, जारी मिति २०५७/०१/१४, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।
२. कृष्ण बहादुर ढकालको नाति, अम्बर बहादुर ढकालको छोरा काभ्रेपलाञ्चोक जिल्ला भण्डनदेउपुर न.पा वडा नं ५ (साबिक काभ्रेपलाञ्चोक जिल्ला गैह्रीबिशौना देउपुर गा.वि.स/न.पा वडा नं. २) बस्ने **विष्णु बहादुर ढकाल** (ना.प्र.नं. ४७९५७-७३४, जारी मिति २०५०/०६/०९, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ)।
३. अम्बर बहादुर ढकालको बुहारी, अमर बहादुर खड्काको छोरी, विष्णु बहादुर ढकालको पत्नी काभ्रेपलाञ्चोक जिल्ला भण्डनदेउपुर न.पा वडा नं ५ (साबिक काभ्रेपलाञ्चोक जिल्ला, गैह्रीबिशौना देउपुर गा.वि.स/न.पा वडा नं. २) बस्ने **लक्ष्मी ढकाल** (ना.प्र.नं. ५८७७९, जारी मिति २०५२/०७/०२, जिल्ला प्रशासन कार्यालय, काभ्रे)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **एल.एस.ए.ए मल्टीपर्पोज कम्पनी प्रा.लि.**को नाममा मालपोत कार्यालय, डिल्लीवजार काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला गोंगबु गा.वि.स वडा नं ८ स्थित कित्ता नं १२१ को क्षेत्रफाल २००.८९ (व.मि.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौँ) दिन अर्थात २०८० माघ ०२ गते** भित्र बैंकको शाखा कार्यालय न्युरोड, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय न्युरोड, काठमाण्डौबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्र

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बुधबार २५ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

‘ए’ डिभिजन लिग विवाद प्रकरण

सात महिनापछि श्री स्टार दोषी ठहर


गत २८ जेठमा ‘ए’ डिभिजन लिगमा श्री स्टारले जावलाखेलविरुद्ध भिसा अवधि सकिएका अफ्रिकन खेलाडी अजायी र सेगुनलाई प्रतिस्पर्धा गराएको थियो, १५ पुसमा एपिएफको उजुरीको निर्णय गर्दै एन्फाले श्री स्टारलाई दोषी ठहर गरेको हो

नयाँ पत्रिका

गत सिजनमा जेठमा भएको सहिद स्मारक ‘ए’ डिभिजन फुटबल प्रतियोगितामा अवैधानिक खेलाडी खेलाएको भन्दै एपिएफ फुटबल क्लबले राखेको उजुरीमा (एन्फा)ले श्री स्टार क्लबलाई दोषी ठहर गरेको छ। श्रम स्वीकृति भए पनि भिसा नभईकन मैदान उत्रिएका श्री स्टारका नाइजेरियन खेलाडीद्वय मार्टिन कायोडे अजायी र पिटर सेगुनलाई जनही ५० हजार रुपैयाँ तथा क्लबलाई तीन लाख रुपैयाँ कारबाहीस्वरूप जरिवाना एन्फाले गराएको छ। समितिले १५ पुसमा एपिएफको उजुरीमाथि निर्णय गरेको हो।

२८ जेठमा श्री स्टारले जावलाखेल युथ क्लबविरुद्ध भिसा अवधि सकिएका अजायी र सेगुनलाई प्रतिस्पर्धा गराएको थियो। एपिएफले श्री स्टारले अवैधानिक खेलाडी मैदानमा छिराएको भनी एन्फामा उजुरी राखेको थियो। सो खेलमा जावलाखेललाई विजेता घोषित गरियोस् भनी एपिएफले उजुरी गरेको हो। श्री स्टारले र जावलाखेललाई १-० ले हराएको थियो। यही नतिजाका कारण श्री स्टारले ‘ए’ डिभिजनको हैसियत रक्षा गरेको थियो। श्री स्टारको जितले एपिएफ पहिलोपटक ‘बी’ डिभिजनमा घटुवा भयो।

एपिएफको माग एन्फाले कार्यान्वयन गर्दा एपिएफको ‘ए’ डिभिजन हैसियत जोगिन्छ। एन्फाको अनुशासन एन्फाका महासचिव किरण राईले १९ पुसमा एपिएफलाई पत्र लेख्दै कारबाहीको जानकारी गराएका थिए। ‘एन्फाको विधान तथा लिग नियमावलीको व्यवस्थाका आधारमा खेलाडीले आफ्नो दायित्व पूरा नगरी खेलमा सहभागी भएकाले निजहरूलाई जनही ५० हजार रुपैयाँ जरिवाना गराइएको जानकारी गराउँदछु,’ एन्फा महासचिव राईले एपिएफलाई लेखेको पत्रमा भनिएको छ, ‘साथै, विनाभिसा तथा विनाश्रम स्वीकृति खेलाडी सहभागी गराउने श्री स्टार क्लबले पनि आफ्नो दायित्व पूरा नगरेको पाइएकाले क्लबलाई तीन लाख जरिवाना गराउने निर्णय भएको छ।’



२८ जेठमा सहिद स्मारक ‘ए’ डिभिजन फुटबलअन्तर्गत श्री स्टार र जावलाखेलबीचको खेल। फाइल तस्बिर

पूर्ण न्याय नपाएको एपिएफको दाबी

एपिएफ क्लबले आफ्नो उजुरीमाथि सम्बोधन हुनु सकारात्मक भए पनि पूर्ण न्याय नपाएको जनाएको छ। एपिएफका अनुसार अन्तर्राष्ट्रिय मान्यताअनुसार अवैधानिक खेलाडी खेलाएको पुष्टि हुनेबित्तिकै नियमविपरीत काम गर्ने टोली स्वतः ३-० ले पराजित हुने प्रावधान छ। तर, एन्फाले श्री स्टारलाई जरिवाना मात्र गरी आफूलाई न्याय नगरेको एपिएफको भनाइ छ।

‘लिग नियमावली मात्र होइन, फिफाको कोड अफ इथिक्समा पनि अवैधानिक खेलाडी खेलाउने टोली ३-० ले पराजित हुने प्रस्ट व्यवस्था छ। यही व्यवस्थाका आधारमा विश्वकप छनोटदेखि अन्तर्राष्ट्रिय खेल र विश्वका अन्य लिगमा कारबाही भएका उदाहरण छन्,’ एपिएफका एक पदाधिकारीले भने, ‘यहाँ श्री स्टारले अवैधानिक खेलाडी खेलाएको हामीले प्रमाणसहित उजुरी गरेका थियौं, एन्फा र अनुशासन समितिले पनि अवैधानिक खेलाडी खेलाएको निर्णय दिइसकेको छ, तर यस्तो अवस्थामा कारबाहीको निर्णयले आधा मात्र न्याय दिएको छ, हामीहरूको पूरै माग श्री स्टारलाई ३-० को नतिजा सुनाउनुपर्छ।’ एपिएफले न्यायका लागि फिफा, एएफसी, राष्ट्रिय खेलकुद परिषद्सँगै युवा तथा खेलकुद मन्त्रालयमा जाने तयारी गरेको छ।

नेपालको फराकिलो जित



नयाँ पत्रिका

आइसिसी यू- १९ एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिता नेपालले अभ्यास खेलमा स्कटल्यान्डमाथि एक सय ३५ रनको सानदार जित निकालेको छ। प्रतियोगितामा सहभागी हुन नेपाली युवा टोली दक्षिण अफ्रिकामा छ। दक्षिण अफ्रिकामा नेपालले पहिलो ब्याटिङ गरी ४९.२ ओभरमा सबै विकेट गुमाएर दुई सय ८४ रनको बलियो योगफल खडा गरेको थियो। प्रत्युत्तरमा स्कटल्यान्ड ४३.२ ओभरमा एक सय ४९ रनमै समेटियो। नेपालका लागि तिलकराज भण्डारीले तीन विकेट लिएका थिए। आकाश चन्दले दुई विकेट लिए।

तिलकराजले १७ रन तथा आकाशले १८ रन खर्चे। यसअघि ब्याटिङ गरेको नेपालका लागि गुल्सनकुमार झाले शतकीय इनिङ्स खेलेका थिए। उनले एक सय १४ रन बनाए। दीपक बोहराले अविजित ५८ रनको योगदान गरे।

गुल्सनले १ सय १५ बल र दीपकले ५४ बलको सामना गरेका थिए। स्कटल्यान्डका उजैर अहमदले २८ रन र खानले २४ रन जोडे।

विश्वकपको समूह ‘डी’मा नेपालसँगै पाकिस्तान, अफगानिस्तान र न्युजिल्यान्ड छन्। २१ जनवरीमा नेपालले न्युजिल्यान्डसँग खेल्दै विश्वकप सुरु गर्नेछ। नेपालले २४ जनवरीमा पाकिस्तान र २६ जनवरीमा अफगानिस्तानको सामना गर्नेछ। नेपालले १३ जनवरीमा स्कटल्यान्ड र १६ जनवरीमा वेस्टइन्डिजसँग वार्मअप खेल्नेछ।

नवलपुर ९८ रनले विजयी

कास्कीमा **रोहितराज पराजुली**

पोखरामा सञ्चालन भइरहेको गण्डकी प्रदेश पिएम कप पुरुष एकदिवसीय क्रिकेट छनोट प्रतियोगिताअन्तर्गत मंगलबार नवलपुरले पर्वतलाई ९८ रनले पराजित गरेको छ। क्रिकेट संघ गण्डकीको आयोजनामा पोखरा रंगशालास्थित क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको नवलपुर ३७ ओभरमा अलआउट हुँदै एक सय ८८ रनको योगफल बनायो। पर्वत प्रत्युत्तरमा २१ ओभरमा सबै विकेट गुमाएर ९० रन मात्र बनाएको थियो। नवलपुरका लागि विदुर मगरले ४० बलमा तीन चौकाको सहयोगमा सर्वाधिक २८ रन जोडेका थिए।

नवलपुरका ओपनर गोविन्द विकले ४२ बलमा तीन चौकासहित २४ रन बनाए। कमल परियारले २१ रन, विशाल पौडेलले १९ रन र शिशिर भुसाल नटआउट रहँदै १६ रन बटुले। पर्वतका लागि रोशन गौतमले अर्धशतक पूरा गर्ने क्रममा ४२ बलमा पाँच चौका र चार छक्कासहित ५२ रन जोडे। सो टोलीका अन्य खेलाडीले दोहोरो रन जोड्न सकेनन्। टोलीका पाँच खेलाडी शून्य रनमा आउट भएका थिए।

परियारले हात पारे आठ विकेट

म्यान आफ दी म्याचसमेत रहेका नवलपुरका कमल परियारले १० ओभरमा तीन मेडन राखी २५ रन खर्चेर आठ विकेट लिन सफल भए। नवलपुरका विशाल पौडेल र स्वीकार श्रेष्ठले समान एक-एक विकेट हात पारे। पर्वतका दीपेन्द्र भण्डारीले सात ओभरमा ४१ रन खर्चेर तीन विकेट हात पारे। अमृत गुरुङ र रितिक थापाले समान दुई विकेट लिए। विकास क्षेत्री, रोशन गौतम र रितिक थापाले समान एक विकेट हात पारेका थिए।



प्रतियोगिताको उपाधि लागि तनहुँ र स्याङ्जा बुधबार भिड्ने भएका छन्। समूह ‘ए’मा रहेको स्याङ्जा र समूह ‘बी’ रहेको तनहुँले समूह चरणका दुवै खेलमा जित हात पार्दै अन्तिम दुईमा आफ्नो स्थान सुरक्षित गरेका थिए। प्रतियोगितामा प्रदेशका ६ जिल्लाका ६ टोलीले प्रतिस्पर्धा गरेका थिए।

खेल संक्षेप

मन्थलीलाई उपाधि

रामेछाप/ जिल्ला खेलकुद विकास समितिको आयोजनामा भएको ११औं जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको उपाधि मन्थली नगरपालिकाले जितेको छ। उमाकुण्ड गाउँपालिकाको प्रीतिमा भएको खेलमा मन्थली नगरपालिकाले सर्वाधिक २५ स्वर्ण जित्दै रनिङ सिल्ड उपाधि हात पारेको हो। मन्थली नगरले थप २५ रजत र ३१ कांस्यसहित कुल ८१ पदक हात पारेको हो।

ललितपुरको अग्रता

काठमाडौं/ छैटौं तुल्सीलाल स्मृति राष्ट्रिय क्लब टिम च्याम्पियनसिप बुद्धिचाल प्रतियोगितामा मंगलबार तेस्रो चरणको खेल समाप्तिसम्म आयोजक ललितपुर स्पोर्टस् क्लब ६ अंकका साथ शीर्ष स्थानमा रहेको छ। राजन सुवेदीले सिएम मिलन लामालाई, रिसोन थापाले कुशल बेलबासेलाई र आयुष देमन रौराले रिया श्रेष्ठलाई हराए। सरोज महर्जनले भने डिभाइस सातमा राखेर खेल्दा अयोग्य घोषित भई अंक गुमाउन पुगे।

बेसबल फाइभ च्याम्पियनसिप हुँदै

काठमाडौं/ नेपालमा पहिलोपटक राष्ट्रिय बेसबल फाइभ च्याम्पियनसिप हुने भएको छ। नेपाल बेसबल तथा सफ्टबल संघको आयोजनामा दुईदिने प्रतियोगिता हुन लागेको हो। प्रतियोगिता बुधबार र बिहीबार राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा हुनेछ। प्रतियोगिताको तयारी पूरा भएको संघका अध्यक्ष दीपक न्यौपानेले जानकारी दिए। पहिलो संस्करणमा सातवटा प्रदेशले प्रतिस्पर्धा गर्नेछन्। प्रत्येक टोलीमा आठजना खेलाडी र दुई अफिसियल सदस्य हुनेछन्।

Red Bull

सार्वजनिक सूचना।

आदरणीय व्यापारी तथा उपभोक्ता महानुभावहरु,

उपभोक्ताद्वारा अत्याधिक रुचाइएको विश्वप्रसिद्ध Red Bull Energy Drink यस सरस बेभरेजेज प्रा.ली.ले TC Pharmaceuticals Thailand बाट गुणस्तर सम्बन्धी मापदण्ड पूरा गरी स्वदेशमै उत्पादन गरी बजारमा बिक्री वितरण गरिरहेको सहर्ष जानकारी गराउँदछौं ।

नेपाली बजारमा लोकप्रियता हासिल गर्न सक्षम उक्त Red Bull Energy Drink केही समयदेखी बजारमा उपलब्ध नभएका कारण नक्कली रेडबुल तथा रेडबुल जस्तै देखिने अन्य पेय पदार्थ (Energy Drinks) बजारमा बिक्री वितरण भइरहेको हुँदा असली Red Bull Energy Drink ध्यान पुऱ्याइ खरिद गर्न उपभोक्ता महानुभावहरुलाई जानकारी गराउँदछौं ।

यस सरस बेभरेजेज प्रा.ली. द्वारा उत्पादन गरिएको असली Red Bull Energy Drink लाई उपभोक्ताद्वारा अन्य उस्तै देखिने पेय पदार्थ (Energy Drinks) बाट सजिलै छुट्याउन सकियोस् भनि क्यानको माथीपट्टी निम्नानुसारको रातो गोलाकार अगाडी दुईवटा विशेष रातो रङ्गको साँढे (बुल) जुदिरहेको छाप तथा अघिल्लो भागको माथीपट्टी अंग्रेजीमा 'YOUR TRUE ENERGY' तथा पछाडीपट्टी 'तपाईंको असली इनर्जी' राखिएको जानकारी गराईन्छ ।

अत: उपभोक्ता महानुभावहरुलाई हाल बजारमा उपलब्ध स्वदेशमै उत्पादित असली Red Bull Energy Drink जाँच-पहिचान गरी मात्र किनेर उपभोग गर्न अनुरोध गर्दछौं ।

सरस बेभरेजेज प्रा. लि.
हातीसार, काठमाडौं, फोन नं. ०१-४५३१९६२



मुड्केचुला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोल्पा
कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृतको आशयको सूचना

सूचना प्रकाशित मिति: २०८०/०९/२४

यस मुड्केचुला गाउँपालिकाको मिति २०८०/०८/११ मा आर्थिक दैनिकमा प्रकाशित सुचना अनुसार निम्न निर्माण कार्यको लागि बोलपत्र आह्वान भई तोकिएको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशिल बमोजिमको बोलपत्र दाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा(२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि ७(सात) दिने आशयको सुचना प्रकाशित गरिएको छ।

तपसिल

ठेक्का नं.	सार्वजनिक खरिद कार्यको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल रकम (मु.अ.क सहित)
MRM/NCB/ WORKS/ 04-080/081	चौरी फर्म अनुसन्धान केन्द्र निर्माण, मुड्केचुला-८	सृष्टि निर्माण सेवा, मुड्केचुला-९, डोल्पा	२६,००,६२०.४२
MRM/ NCB/WORKS/ 05-080/081	सर्मि देखि घुरेलि सडक निर्माण, मुड्केचुला-७	स्वस्तिका निर्माण सेवा,जगदुल्ला-१, डोल्पा	२३,११,२१७.९
MRM/NCB/ WORKS/ 06-080/081	ओक्ट खोला लेख ओक्ट गाउँ मोटर बाटो निर्माण,मुड्केचुला-८	जगदुल्ला निर्माण सेवा, डोल्पा नेपाल	२३,११,८१४.२८

(रेशम महतारा)
प्रमुख प्रशासकीय अधिकृत

अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

सुर्यबिनायक, भक्तपुर

तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ७ दिने सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८०/९/२५

यस अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड भक्तपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको संस्थालाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवंम मौखीक सूचना गरीयो तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ७ दिने सार्वजनिक सूचना जारी गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र यस संस्थामा सम्पर्क राखी प्राप्त ऋण कर्जाको सम्पूर्ण सांवा, व्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानून बमोजिम धितो लेखिदिएको चल अचल श्री सम्पत्तिहरु लिलाम बिकी गरी वा अन्य कानूनी कारवाही अवलम्वन गरी संस्थाको लेना रकम असुल उपर गरिनुका साथै कालोसूचिमा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिलाई समेत उपरोक्त व्यहोरा अवगतसाथ अनुरोध गर्दै म्याद भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ।

तपसिल

क.सं	ऋणीको विवरण	साक्षी बस्नेको विवरण	धितो सुरक्षणको विवरण
१)	**नामः मोहन थापा** ठेगानाः भक्तपुर जिल्ला, सावित्रक सिपाडोल गा.वि.स.का वडा नं. ९ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ८ बाबुः हरि बहादुर थापा बाजेः ठूले थापा पत्नीः अम्बिका थापा ना.प्र.नं.: १०८३६ जारी मितिः २०५३/०३/२७ जि.प्र.का.: भक्तपुर	हरि बहादुर थापाको बुहारी, मोहन थापाको पत्नी, भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं. ८ बस्ने अम्बिका थापा (ना.प्र.नं.६४२९, जारी मितिः २०५८/१२/२२, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।	मोहन थापाको नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सावित्रक नंखेल गा.वि.स वडा नं. १ख स्थित कित्ता नं. १०६१ को क्षेत्रफल ०-९-०-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२)	**नामः पुस्कर के.सी.** ठेगानाः भक्तपुर जिल्ला, सावित्रक गुण्डु गा.वि.स.का वडा नं. ४ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ०७ बाबुः पूर्ण बहादुर के.सी. बाजेः कृष्ण गोपाल के.सी. पत्नीः बबिता के.सी. ना.प्र.नं.: ७८७९ जारी मितिः २०५२/०८/१२ जि.प्र.का.: भक्तपुर	पूर्ण बहादुर के.सी.को बुहारी, पुस्कर के.सी. को पत्नी, भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं. ७ बस्ने बबिता के.सी. (ना.प्र.नं.२९३०१५-३, जारी मितिः २०६३/११/२५, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।	पुस्कर के.सी.को नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सावित्रक गुण्डु गा.वि.स वडा नं.४ स्थित कित्ता नं. ६३६ को क्षेत्रफल ०-६-०-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Integrated Energy and Irrigation Special Program

Invitation for Bids

Date of publication: 2080/09/25 B.S.

The **Integrated Energy and Irrigation Special Program** invites electronic bids from the eligible Nepalese bidders for the **Construction of Nagi Dada Lift Irrigation Sub-project at Sunkoshi-01, Sindhupalchowk** under National Competitive Bidding procedure. The details of the individual project are given below:

S. N.	Contract No.	Estimated Amount in NRs. (With VAT)	Bid Security Amount in NRs.	Price of Bidding Document (Non-refundable)
1.	Works-NDLISP-NCB-2080/81-62	NRs. 1,04,17,760.14	NRs. 2,40,000.00	NRs.3000.00

Only electronics bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 2080/10/26, 12:00 noon. Eligible Bidders may obtain further information from **Integrated Energy and Irrigation Special Program, Pulchowk, Lalitpur** or may visit PPMO website www.bolpatra.gov.np/egp.

Co-ordinator

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com